**शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं**

- खुला स्थानमा दिसापिसाब नगरौं,
- शौचालयमा मात्र दिसापिसाब गरौं,
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचीमिची हात धोऔं,
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं,
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको सङ्क्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८१ वैशाख ०१ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 13 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२२

## बझियानमा गहुँबाली ७० प्रतिशत काटियो

धर्मेन्द्र चौरसिया, पोखरिया, ३० चैत/

पर्सा जिल्लाको गण्डक नहरदेखि दक्षिणतर्फको बझियान क्षेत्रमा अहिले



तस्वीर: प्रतीक

७० प्रतिशत गहुँबाली कटान भएको छ भने ३० प्रतिशत कटानीको क्रममा छ। यो क्षेत्रमा हुने यो दोस्रो मुख्यबाली हो । सिंचाइका लागि गण्डक नहरसँग जोडिएको र बोरिङ सुविधा भएको बझियानका केही किसानहरूले मात्र चैत धानबाली गर्छन्, हैनभने अधिकांशले गहुँ र अगहनी धानबाली मात्रै गर्छन् ।

त्यसैले बझियानमा गण्डकपारि थरुहट क्षेत्रको तुलनामा ढिलो गरी धान र गहुँबाली गरिन्छ ।

अहिले गहुँको कटानी आधुनिक मेशीनबाट हुँदा किसानहरूलाई धेरै फाइदा पुगेको बझियानका किसानहरू बताउँछन् ।

पोखरिया नगरपालिका–९ शिवबर्वाका किसान फुलेना चौहानले हार्भेस्टरको प्रयोगबाट गहुँबाली भित्र्याउँदा किसानहरूलाई समय र खर्च दुवैको बचत भएको बताए । उनले एकजना मजदूरलाई एक दिनको लागि प्रतिकट्ठा छ किलो गहुँ दिनुपर्छ ।

त्यसमा बोझा बाँध्न र दउनीको क्रममा प्रति ३० बाल्टिन बराबर एक बाल्टिन थप गहुँ ज्यालाबापत दिनुपर्छ । ज्याला मजदूर लगाएर गहुँबाली कटान गर्न प्रतिकट्ठा दुईजना आवश्यकता पर्छ । यसका साथै परिवारका सदस्यहरू दिनभर त्यसैमा अल्झिनुपर्छ । यसको साटो अहिले हार्भेस्टरलाई प्रतिकट्ठा १२ किलोका दरले कटानी खर्च दिंदा आफूहरूलाई सुविधा भएको किसान चौहान बताउँछन् ।

उनले हार्भेस्टरको प्रयोगबाट किसानहरूको बाली एक घण्टामा कटानी हुने र हार्भेस्टर प्रयोग भएको खेतमा व्यापारीहरू आएर खेतबाटै बाली खरीद गरेर लाँदा निकै सुविधा भएको उनले बताए ।

किसान चौहानले अहिले बझियान क्षेत्रमा हार्भेस्टरको प्रयोग बढेर ९० प्रतिशतमाथि पुगिसकेको बताए। ज्याला मजदूरीमा खट्ने मानिसहरू पाउन छाडेको अवस्थामा हार्भेस्टरको प्रयोग बढिरहेको उनले बताए ।

अहिले गहुँ प्रतिक्वीन्टल रु चार हजार दुई सयमा खरीद–बिक्री भइरहेको छ ।

## आजदेखि चैती छठ पूजा शुरू, सोमवार सकिने

धर्मेन्द्र चौरसिया, पोखरिया, ३० चैत/

तराईका जिल्लामा शुक्रवारदेखि



तस्वीर: प्रतीक

चैती छठ शुरू भएको छ । यसपटक मुस्लिम समुदायको पवित्र रमजानको इद हिजोदेखि तीन दिन मनाइँदैछ भने भोलि विक्रम संवत् २०८१ नयाँ वर्ष शुरू हुँदैछ । तीनवटा पर्व मनाइने क्रममा आजदेखि चैती छठको व्रत शुरू भएको छ । अस्ताउँदो र उदाउँदो सूर्यको पूजा हुने हिन्दूहरूको

पवित्र पर्व छठ पूजा शुरू भएको छ । छठको पहिलो दिन आज नहाय खायको विधि गरिएको छ । आजका दिन व्रतालुहरूले घरआँगनको सफाइ गर्ने, छठ पूजाको लागि घरका सबै फोहर वस्तुको विसर्जन गरी पवित्र पार्ने र शाकाहारी भोजन गर्ने गरिन्छ । आजको दिन लौकाका विभिन्न परिकार बनाएर खाइन्छ। हिन्दू धर्ममा लौकालाई पवित्र तरकारी मान्ने गरिन्छ र लौकाको प्रयोग नवरात्रिलगायतका व्रतको समयमा पनि प्रयोग गरिन्छ ।

लौका खाँदा उपवासको समयमा शरीरमा ताकत मिल्ने र चनाको दाल पनि अन्य दालको तुलनामा शुद्ध मानिने भएकोले व्रतमा यसको प्रयोग गरिएको पण्डित सन्तोष दुबे बताउँछन् । उनले व्रत शुरू भएदेखि चार दिन घरमा पाकेको खानामा लसुन र प्याजको प्रयोग गर्न नहुने बताए ।

भोलि शनिवार खरना रहेको छ । भोलि नै नयाँ वर्ष पनि मनाइँदैछ। भोलि छठका व्रतालुहरू दिनभर निर्जल उपवास बस्ने र रात्रिपख व्रतालु महिलाहरूले पूजापाठ गरी मिठाबाट बनाइएका खीर, पुरी, चनाको तरकारी खाएर व्रत तोड्ने गर्छन् ।

छठ पूजाको तेस्रो दिन अर्थात् आइतवार निर्जल उपवास शुरू गरी साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिइन्छ। सो दिन राति घाट र घरमा कोशी भर्नेहरू रातभर जाग्राम बसेर छठीमाताको पूजा आराधनामा गीत गाउँछन् भने चौथो दिन सोमवार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर उपवास तोड्छन् । सोमवार यस वर्षको चैती छठ पूजा समापन हुन्छ। छठ पूजा वर्षमा दुईपटक कात्तिक र चैत महीनामा मनाउने गरिन्छ । कात्तिकमा मनाइने छठ पूजा नेपालभरि धूमधामले सबैको सहभागितामा मनाइन्छ भने चैतमा मनाइने चैती छठ विशेषत: भाकल गरेकाहरूले मनाउने गर्छन् । पछिल्लो समयमा चैती छठ मनाउनेहरूको सङ्ख्यामा वृद्धि भएको छ ।

## रौतहटमा आत्महत्या गर्नेमा महिला सङ्ख्या बढी

## बिहीवार एकै दिन चारजना नाबालिकाद्वारा आत्महत्या

प्रस, रौतहट, ३० चैत/

रौतहट जिल्लामा चैत २९ गते एकै दिन चारजना नाबालिकाले आत्महत्या गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय, रौतहटकी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बिहीवार एकै दिन चारजना नाबालिकाले आत्महत्या गरेको बताइन् ।

उनले कटहरिया नगरपालिका–२ जमुनिया निवासी १८ वर्षीय अविवाहित मनीषाकुमारी चौधरी, वृन्दावन नपा–८ निवासी १७ वर्षीय शिवानी साह, गढीमाई नपा–३ निवासी १६ वर्षीया असिया खातुन र दुर्गाभगवती गापा–२ गङ्गापिपरा नुनियाटोल निवासी १५ वर्षीया आँचलकुमारी दासले पासो लगाएर आत्महत्या गरेका उनले बताइन्।

प्रवक्ता गिरीले आत्महत्याको मुख्य कारणबारे अनुसन्धान भइरहेको र प्रारम्भिक अनुसन्धानमा भने घरायसी कारण देखिएको बताइन् ।

उनले चालू आवको चैत मसान्तसम्म १८ जनाले आत्महत्या गरेको र त्यसमा १४ जना महिला तथा चारजना पुरुष रहेको बताइन् ।

उनले आत्महत्या गर्नेमध्ये बढीजसोको कारण खुलिनसकेको र केहीले भने घरायसी कारणले आत्महत्या गरेको देखिएको बताइन्। प्रवक्ता गिरीले यस अवधिमा विषसेवन गरेर आत्महत्याको प्रयास गर्नेहरूको सङ्ख्या २२ रहेको र त्यसमा पनि महिलाको सङ्ख्या १७ रहेको बताइन्।

उनले चालू आवमा आत्महत्याको प्रयास गर्ने र आत्महत्याबाट मर्नेहरूमा महिलाको सङ्ख्या बढेको बताइन् ।

आत्महत्या गर्ने र आत्महत्याको प्रयास गर्ने सूचीमा १० देखि ३५ वर्ष उमेर समूहका महिला र पुरुष देखिएका उनले जानकारी गराएकी छन् ।

## वडाध्यक्षले रूखमा बाँधेर कुटपिट गरेको आरोप

प्रस, पोखरिया, ३० चैत/

जगरनाथपुर गाउँपालिका–२ लक्ष्मीपुर निवासी अमिर मियाँलाई शुक्रवार बिहान वडाध्यक्ष नेपालीप्रसाद कुशवाहाले रूखमा बाँधेर कुटेको आरोप लागेको छ। मियाँ आज बिहान वडाध्यक्ष कुशवाहाको घरमा सडक तोडफोडको क्रममा आफ्नो मात्र घर तोडिएको भनेर गुनासो गर्न गएका र सो क्रममा भनाभन भएर विवाद बढेपछि वडाध्यक्ष कुशवाहा र उनी पक्षका केही मानिसहरू मिलेर मियाँलाई रूखमा बाँधेर कुटपिट गरेको आरोप लागेको प्रहरीले जनाएको छ ।

वडाध्यक्ष पक्षका मानिसहरूले भने मियाँले वडाध्यक्ष कुशवाहालाई तथानाम गाली गरेका र कठालो समातेपछि उनलाई रूखमा बाँधेर प्रहरीलाई खबर गरेको बताए ।

मियाँले आफूलाई रूखमा बाँधेर कुटपिट गरेको भन्दै वडाध्यक्षसहित आठजनाविरुद्ध इलाका प्रहरी कार्यालय, जानकीटोलामा लिखित उजूरी गरेका छन् ।

मियाँको उजूरीको आधारमा इलाका प्रहरी कार्यालय, पोखरियाले जानकीटोला प्रहरीमार्फत दुवै पक्षलाई झिकाएर जिल्ला प्रहरी कार्यालय, पर्सामा बुझाएको प्रहरी निरीक्षक मोहनविक्रम केसीले बताए ।

पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले दुवै पक्षलाई राखेर सहमतिको प्रयास गरिएको र सहमति नबने कानून बमोजिम कारबाही प्रक्रिया अघि बढ्ने बताए ।

### वृद्धाश्रम शिलान्याससम्बन्धी सूचना

ॐ श्री हनुमान वृद्धाश्रमको भवन निर्माणका लागि शिलान्यास हुन गइरहेको छ । तिलावे पुलभन्दा दक्षिण, झौवा–अमरपट्टि जाने बाटोभन्दा पूर्व र तिलावे नदीभन्दा पश्चिम निर्माण हुन गइरहेको वृद्धाश्रम भवन–शिलान्यास कार्यक्रममा यस संस्थाका सम्पूर्ण संस्थापक तथा अन्य सबै श्रेणीका सदस्यहरूलाई निम्नानुसार उपस्थित हुन अनुरोध छ ।

**मिति : २०८१ साल वैशाख १ गते शनिवार**
**समय : बिहान ९ बजे**

नववर्ष २०८१ को शुभ अवसरमा सम्पूर्ण नेपालीमा हार्दिक मङ्गलमय शुभकामना ।

JAGDAMBA STEEL

जगदम्बा स्टील प्रा.लि.
जीतपुर-सिमरा उपमहानगरपालिका

सम्पूर्ण नेपालीमा नववर्ष २०८१ को हार्दिक मङ्गलमय शुभकामना ।

SURYA NEPAL

सूर्य नेपाल प्रा. लि.
जीतपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा

नववर्ष २०८१ को अवसरमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, संवाददाता, स्तम्भकार, वितरक, शुभेच्छुकहरुमा हार्दिक मङ्गलमय शुभकामना ।

***हाम्रो भेट वैशाख ३ गते सोमवार हुनेछ ।***

प्रतीक दैनिक परिवार

### विचारसार र सूक्तिहरू

**हामी इतिहासबाट के सिक्दछौं भने हामी इतिहासबाट कहिले केही सिक्दैनौं ।**

| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## नयाँ वर्ष–२०८१

**नयाँ वर्ष–२०८१ शनिवारदेखि शुरू भएको छ । अघिल्लो वर्ष जेजस्तो भएपनि नयाँ वर्षमा राम्रो हुने चाहना सबैले गरेका हुन्छन् । यही आशा र विश्वासमा नयाँ वर्ष मनाइन्छ । यसपटक संयोगले नयाँ वर्ष २०८१ सँगै हिन्दू र मुस्लिमका पर्वहरू जोडिएका छन् । हिन्दूहरूको चैती दशैंको क्रममा अहिले नवरात्र चलिरहेको छ भने नयाँ वर्षकै दिन मुस्लिम समुदायले पवित्र रमजान महीनाको अन्तिम ईद मनाउँदैछन् । नयाँ वर्षकै दिन हिन्दूहरूको चैती छठ पूजा शुरू हुँदैछ । चैती छठ पूजा आगामी सोमवार र चैते रामनवमी वैशाख ५ गते छ । यस अर्थमा तराईमा नयाँ वर्ष शाकाहारी मनाउने सङ्केत देखा परेको छ । तराईवासीहरू नवरात्र र छठ पूजामा पूर्णरूपमा शाकाहारी हुन्छन् । यसले गर्दा यसपटकको नयाँ वर्षमा मासुजन्य परिकारको प्रयोग कम हुन्छ होला । अन्य समयमा भने नयाँ वर्षको अवसरमा मासुजन्य पदार्थको बढी प्रयोग हुन्थ्यो । मानिसहरू नयाँ वर्ष घर, समाज र पिकनिक स्थल तथा होटलहरूमा गएर मनाउँथे तर यसपटक यसमा कमी आउने देखिन्छ ।**

**यसो त हामी नेपालीहरू विक्रम संवत्सँगै अङ्ग्रेजी नयाँ वर्ष पनि त्यत्तिकै उत्साहका साथ मनाउँछौं । पछिल्लो समयमा अङ्ग्रेजी नयाँ वर्ष धूमधामले मनाइन थालिएको छ । छिमेकी भारतबाट पनि अङ्ग्रेजी नयाँ वर्ष मनाउनका लागि मानिसहरूको ओइरो लाग्ने गर्छ । पर्साको ठोरी, बाराको सिम्रौनगढ, मकवानपुरको शहीद स्मारक, भैसे, चितवनको सौराहा र कास्कीको पोखरा पर्यटकीय क्षेत्र अङ्ग्रेजी नयाँ वर्षमा गुलजार हुने गरेको छ । विक्रम संवत्को कुरा गर्दा बितेको वर्षमा नेपालको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा धेरै उथलपुथलका घटना भए । नेका र माओवादी केन्द्रसहितको छ दलीय गठबन्धन टुट्यो र एमाले तथा माओवादीसहितको पाँच दलीय नयाँ समीकरणको सरकार बनेको छ । व्यापार, व्यवसायमा शिथिलता आएको छ । कतिपय सिमेन्ट, छड लगायतका उद्योगहरू बन्द भएका छन् भने सञ्चालनमा रहेका उद्योगहरूको उत्पादन क्षमता पनि आधाभन्दा कम भएका छन् । उद्योगहरूलाई विद्युत्को सहज उपलब्धता छैन । उद्योगहरू अघोषित लोडसेडिङको शिकार भएका छन् । दैनिक तीन सिफ्टमा सञ्चालित उद्योगहरू एक सिफ्टमा सञ्चालन भइरहेका छन् र त्यसको पनि बजारीकरण छैन । पुरानो भुक्तानीका लागि नयाँ लगानी जोखिममा परिरहेको छ ।**

**बैंकहरूले ब्याज घटाउँदा पनि उद्योग–व्यापारले गति लिन सकेको छैन । राजनीतिक खिंचातानीमा परेको सरकार आफ्नो सिट जोगाउन जोडघटाउमा व्यस्त छ । कुन बेला कुन दल पोइल जाने हो र सरकार ढल्ने हो भन्न सकिने अवस्था छैन । २०७९ मा भएको आमनिर्वाचनले स्थायी सरकार बनाउन सकेन । नेका र एमाले मिलेर बनेको सरकार स्थायी हुनेमा आमविश्वास रहे पनि यी दुवै दल मिल्न नसक्दा राजनीतिक गन्जागोल विद्यमान छ । युवाहरू विदेशिने क्रम गत वर्ष पनि घट्न सकेन । यद्यपि स्वदेशमा रोजगार सृजना गराउने र वैदेशिक रोजगारमा जाने दर घटाउने सरकारको चाहना हुट्टिटचाउँले आकाश थामेझैं भएको छ । यस्तो बेथितिमा देश चलिरहे पनि मानिसमा आशा भने हराएको छैन । पुरानो कुरालाई सम्झेर बाँच्न सकिंदैन, मानवीय गुणकै यस आधारमा नयाँ वर्षलाई हामी नेपालीहरूले मनले स्वागत गर्दैछौं । नयाँ वर्ष २०८१ ले सबै नेपालीलाई सुखद सन्देश प्रवाह गर्न सकोस् सबैमा नववर्षको शुभकामना !**

# आजको आवश्यकता : वैचारिक पुनर्जागरण

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**प्रचलनमा रहेका नराम्रा पक्षको वैज्ञानिक तर्कका आधारमा वर्जना गर्दै जाने र आधुनिकताले सिर्जना गरेका उचित मूल्य र मान्यता लागू गर्दै पारिवारिक, सामाजिक एवं स्वदेशीपनमा आधारित जीवनपद्धति नै नेपाली समाजको आजको आवश्यकता हो ।**

आज नयाँ वर्षको पहिलो दिन अर्थात् २०८१ वैशाख १ गते । नयाँ वर्षको पहिलो दिन नेपालीहरूले यतिबेला आआफ्नो घर आगनमा हर्षोल्लासका साथ मनाइरहेका छन् । यो दिनमा खासगरी नेपालीहरूले एक अर्कोलाई उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनेलिने गर्छन् । यस दिन प्रत्येक वर्ष पोस्टकार्ड तथा प्रत्यक्ष भेटघाटमा मौखिक वा नेट–इन्टरनेटको माध्यमले एक अर्कोलाई सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु आदिको लागि शुभकामना दिंदै आएका छन् । आजको दिनमा प्रत्येक व्यक्तिले इष्टमित्र, साथीभाइ, नातागोता, परिचित, आफन्त वा अपरिचितसमेतलाई समृद्धि, सुस्वास्थ्य र दीर्घायु भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्ने गरिन्छ ।

यहाँनिर प्रश्न उठ्नु स्वाभाविक हुन जान्छ कि–के हामीले कामना गर्दैमा कसैले सुस्वास्थ्य, दीर्घायु, उत्तरोत्तर प्रगति, शान्ति तथा समृद्धि पाउँछ त ? हामीलाई थाहा छ, त्यस्तो हुँदैन । किनकि कुराले चिउरा भिज्दैन । चिउरा भिजाउन पानी चाहिन्छ, परिश्रम गर्नुपर्छ अनि मात्रै भिज्छ । ठीक त्यसैगरी कामना गरेर केही हुँदैन । तर शुभकामना लिनुदिनु एक प्रकारको संस्कृति भइसकेको छ । होस् नहोस् तर यो गर्नैपर्ने जसरी एउटा अम्मलीलाई लत लागेको हुन्छ त्यसैगरी निकै लामो समयदेखि हामीलाई पनि विभिन्न अवसर पारेर शुभकामना लिनेदिने लत लागिसकेको छ । वास्तवमा शुभकामना दिंदा वा लिंदा हुने केही होइन । यो औपचारिकता मात्र हो । हामीले हाम्रो जीवनमा थुप्रै कुरा औपचारिकताको लागि मात्रै गरिरहेका छौं । नढाँटी भन्ने हो भने हामी दिनभरिमा थुप्रैचोटी झूट बोल्छौं । सुन्ने मान्छेले सत्य नै ठान्छ, जबकि उसलाई थाहा छ यो मान्छे झूटो बोलिरहेको छ । वास्तवमा हाम्रो औपचारिकता नै झूटको जगमा उभिएको छ । हामी एक अर्कालाई भेट्दा सोध्छौं– के छ हालखबर ? अनि परस्पर जवाफ दिन्छौं– ठीक छ ! के वास्तवमा हामी ठीक रहेका हुन्छौ त्यति बेला ? ठीक भएकोले 'ठीक छौं' भनेर जवाफ दिएको हो त ?

एकै छिन विचार गरौं– हामीजस्तो गरीब देशका नागरिक, विकासोन्मुख राजनीतिमा हुर्केको नागरिक जहाँको राजनीति पाइतालादेखि टुप्पीसम्म भ्रष्टाचारमा डुबेको छ, अनेकौं प्रकारका भेदभावले भरिएको छ, त्यहाँ कोही कसरी ठीक हुन सक्छ ? आफ्नो पिर, दुःख, व्यथा कसैलाई नबताउनु , समाधान कसैले गरिदिंदैन उल्टै गिज्याउने वा मजा लिने गर्छ । त्यसैले हामी 'सबै ठीक छ' भनिरहेका हुन्छौं ।

हामी सबैलाई थाहा छ पृथ्वीको वार्षिक गतिले क्यालेन्डर बदलिने गर्छ । तर क्यालेन्डर बदलेर के गर्नु ? व्यवस्था बदलिंदैन, न बेरोजगारीको अवस्था बदलिन्छ, न विभेदको प्रणाली नै फेरिन्छ । अनि यस्तोमा जतिवटा नयाँ वर्ष आए पनि त्यसको के महत्त्व छ हाम्रो जीवनमा ? के यो कुरा सरकारले बुझ्दैन ? आज सरकारले राष्ट्रिय बिदा समेत दिएको छ । खुशीयाली मनाउनको लागि; तर भोको पेट, बेरोजगारी ज्यानले के खुशीयाली मनाउने ? देशभित्र विदेशीले बनाइदिएका सबै कलकारखाना बन्द भएका छन् । नयाँ उद्योग खोल्ने कुरा चुनावी नारा मात्र बनेको छ । अनि नयाँ वर्षको बिदाको औचित्य के ? सबै पार्टीका नेता कार्यकर्ता निजी सम्पत्ति कमाउन लालायित रहने, भ्रष्टाचार र कमिशनका प्रत्यक्ष–अप्रत्यक्ष जाल बुन्ने तर नेताले विकास गरिदिन्छ भनेर पत्याउने हामी जनता कस्तो ? यति महँगो चुनाव प्रणालीमा माफिया, भ्रष्टाचारी, तस्कर, कमिशनखोर, दुई नम्बरीबाहेक अरू कसले पो जित्न सक्छ चुनाव ? त्यसैले जति सरकार फेरिए पनि भ्रष्टाचार बन्द भएको छैन । नागरिकहरू विदेशिनुपरेको छ । तर पनि हामीलाई लाग्छ चुनावमा जितेका यस्ता डुङ्डुङ्ती गनाएका मानिसले हाम्रो भविष्य उज्ज्वल पारिदिनेछ ।

आजको अवस्थामा यो हाम्रो समाजको लागि एउटा ठूलो विकृति नै हो । वास्तवमा हामीले केही गर्न नै खोजेको हो भने नयाा वर्षको अवसर पारेर एउटा सङ्कल्प गरौं– अब अर्को चुनावमा भ्रष्टाचारीहरूलाई, जातपातमा लाग्नेहरूलाई तथा कमिशनलाई एजेन्डा बनाउनेहरूलाई मतदान गर्ने छैनौं । सबै पार्टीलाई पालैपालो चुनावमा हेरियो सयौं वर्ष राजाको पनि शासन हेरियो । यिनीहरूले आफ्नो भुँडी भर्नेबाहेक अरू के गरे ? समाजलाई मानवताबाट वञ्चित गरी पशुतातर्फ धकेल्ने अन्धविश्वास तथा रूढिवादलाई आजैकै दिनदेखि नमान्ने सङ्कल्प गरौं । यो बरु समाज विकासको बाटोमा एउटा पाइला भए पनि नयाँ वर्षको अवसरमा प्रभावकारी हुनेछ ।

सोच राखेर मात्रै केही हुँदैन । हाम्रो सोच व्यावहारिक छ कि छैन, यसले ठूलो अर्थ राख्दछ सोच कार्यान्वयनको पक्षमा । हुन त एकथरी मान्छे भन्दछन् सकारात्मक सोच राख्नुपर्छ । सकारात्मक सोचले सबै नकारात्मकता सकारात्मक बन्छ । तर वास्तवमा के यो विचार सत्य हो ? पक्कै होइन । यो गलत सोच हो । सोचले कुनै पनि कुरा सकारात्मक वा नकारात्मक हुने होइन । प्रत्येक चीजको आफ्नै अस्तित्व छ । हामीले सकारात्मक सोच राख्दा न पृथ्वी सूर्य बन्न सक्छ, न सूर्य पृथ्वी बन्न सक्छ । सोच एउटा पक्ष हो भने बन्नु अर्को पक्ष हो । सोच भन्ने कुरा दिमागभित्र उत्पन्न हुन्छ । तर बन्ने कुराको बाहिरी संसारमा अस्तित्व हुन्छ । जसको लागि एउटा अनुकूल परिस्थिति चाहिन्छ । जसको अभावमा जस्तोसुकै सोचले केही हुन सक्दैन । जस्तो कि हामी प्रत्येक वर्ष यति बेला एक अर्कालाई सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्ने गर्छौं । तर के यसले भनेजस्तो परिणाम ल्याएको छ ? पक्कै छैन । हामी सबैले बुझ्नेकै कुरो हो, राजनीति व्यवस्था र सांस्कृतिक व्यवस्था दुवै आर्थिक व्यवस्थाबाट नियन्त्रित र नियमन हुने कुरा हुन् । जबसम्म आर्थिक प्रणाली सुदृढ हुँदैन तबसम्म राजनीतिक र सांस्कृतिक अवस्था राम्रो हुँदैन । प्रत्येक वर्ष नेपालबाट हजारौं मानिस विदेश जान्छन्, कुनै रहरले होइन, बाध्यताले हो ।

विभेदकारी आर्थिक व्यवस्थाले समानतापूर्ण व्यवहार भएको संस्कृति जन्माउनै सक्दैन । न त्यसले समान व्यवहार भएको राजनीति नै जन्माउँछ । त्यस कारण आर्थिक अवस्था मानव समाजमा सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्ने चीज हो भन्ने कुरा हामी सबैले बुझ्न जरूरी छ । जबसम्म समाजको प्रत्येक तह र तप्का आर्थिकरूपले आत्मनिर्भर बन्दैन, उत्पादनसँग जोडिंदैन तबसम्म न समाजमा समृद्धि आउँछ, न शान्ति, न उत्तरोत्तर प्रगति । शुभकामना बाँडेर कसैको पनि, कुनै पनि इच्छा पूरा हुनेवाला छैन । संसारमा जति पनि संस्कृति र सभ्यता थिए, छ वा हुनेछ, सबै मानवप्रदत्त हो । यो संसारमा मानिसको दिमागले र मानिसको हातले निर्माण गरेका सबै कुरालाई संस्कृति भनिन्छ । यतिबेला हामीसँग थुप्रै संस्कृति छन् । वास्तवमा हामीले भन्ने गरेको संस्कृतिमध्ये अधिकांशतः संस्कृति नभई विकृति हुन् । अबको आवश्यकता हामीले चलनचल्तीमा ल्याएका संस्कृतिहरूलाई केलाएर विकृति र संस्कृति छुट्याउनु हो । मानव समाजले निकै लामो कार्यकाल पार गरिसकेको छ । जङ्गली मानव समाज पूँजीवादी समाजसम्म आइपुग्दा यसले आफ्नो दिमाग र हातले थुप्रै कुराहरू निर्माण गरेको छ । जसमध्ये कतिपय भौतिक हो भने कतिपय वैचारिक । यस्तोमा हामीले विचार गर्नुपर्ने कुरा के हो भने हिजो जुन परिस्थितिमा जुन कुरा ठीक थियो, आज परिस्थिति बदलिंदा गलत भएको छ । त्यसैले बदलिएको परिस्थितिमा गलत भएको कुराहरूलाई गलत भन्न सक्नुपर्छ । र त्यसको ठाउँमा सही कुरालाई विज्ञानको आधारमा प्रमाणिकताका साथ स्थापित गर्नुपर्छ । यही मान्यतामा अबको पुस्तामा पुस्तान्तरण हुनुपर्छ । अनि मात्रै हामीले कल्पना गरेको मानवता, प्रकृतिमैत्री मानव समाज तथा विश्वबन्धुत्वजस्ता चीज प्राप्त गर्न सक्छौं । तर व्यवहारमा के देखिएको छ भने हामी मानिसभित्र ईर्ष्या, घमण्ड, लोभ, तृष्णा, आत्मरति चिन्तनले गर्दा एकले अर्कोलाई कमजोर, मूर्ख, बुद्धु, बनाउन अनेक उपक्रम गर्ने र आफू मात्रै अगाडि बढ्ने जुन विकृत संस्कृति छ त्यसले हामीलाई अनेक प्रकारको दुःखमा जाकिदिएको छ । यस्ता विकृतिजन्य संस्कृति त्याग गर्नैपर्छ । र यो त्याग गर्नको लागि आजको दिनलाई हामीले सङ्कल्पको रूपमा अगाडि बढाउँदा नयाँ वर्ष मनाएको ठीक ठहरिन्छ । कम्तिमा अरू केही नभए आजदेखि झूटो नबोल्ने, कसैलाई नठग्ने, जातपात नमान्ने, जातको आधारमा कसैलाई निकृष्ट नदेख्ने सङ्कल्प गरौं । यही नयाँ वर्षको असल कामना हुन सक्छ ।

अहिलेको विश्वसमाज विज्ञान र प्रविधिप्रदत्त सुविधा उपभोगमा अभ्यस्त हुँदै जाँदा पुराना मूल्य, मान्यता, संस्कार एवं संस्कृति छायामा पर्दै गइरहेका छन् । छोराछोरी, भाइबहिनी हुर्कंदै जाँदा उनीहरूमा कम्प्युटर, इन्टरनेटभित्रको सञ्जाल एवं फेसबूकलगायत मनोरञ्जनका क्षेत्रतिर अभ्यस्त भएको अवस्था छ । परिवारमा हजुरबुबा, हजुरआमाले छोराछोरी र नातिनातिना पुस्तालाई पारिवारिक एवं सामाजिक संस्कृति र संस्कारका मौलिक प्रचलनको पुस्तान्तरण प्रक्रिया कमजोर भएको छ । हुर्केबढेका छोराछोरी कम्प्युटर, इन्टरनेट, फेसबूकलगायत मनोरञ्जनका साधनप्रति आकर्षित छन् । नयाँ पुस्ताले यही व्यस्तता र जीवनशैली अँगाल्दै गएको छ तर पुरानो पुस्ताको लागि यो शैली टाउको दुःखाइको विषय भएको छ । आधुनिक समाज निर्माणको क्रममा समाजका पुरानो संस्कार र संस्कृतिका कतिपय अन्धविश्वास, कुरीति एवं कुसंस्कारलाई संशोधन, परिमार्जन एवं परिवर्तन गर्नुपर्ने समयको माग पनि त्यतिकै प्रबल छ । यस सन्दर्भमा प्रचलनमा रहेका नराम्रा पक्षको वैज्ञानिक तर्कका आधारमा वर्जना गर्दै जाने र आधुनिकताले सिर्जना गरेका उचित मूल्य र मान्यता लागू गर्दै पारिवारिक, सामाजिक एवं स्वदेशीपनमा आधारित जीवनपद्धति नै नेपाली समाजको आजको आवश्यकता हो । पुरानो विचारको ठाउँमा नयाँ आधुनिक वैज्ञानिक विचारको पुनर्जागरण हुनु अत्यावश्यक छ । अब पनि पुरानै विचारको आधारमा हिंड्दा न समृद्धि सम्भव छ, न मानवता नै कायम रहन्छ । त्यसैले अन्धविश्वासी र रूढिवादी समाजको ठाउँमा भौतिकवादी वैज्ञानिक विचारले परिष्कृत समाज निर्माण गर्ने, भ्रष्टाचारविहीन राजनीति र सबै सम्पन्न हुने अर्थनीति शुरूआत हुने राजनीतिको लागि आज सङ्कल्प–दिवस घोषणा गरौं नयाँ वर्षको सबै सुहृद्जनमा यही शुभकामना !

# हेटौंडाका उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेनन्

बागमती, ३० चैत/

हेटौंडा औद्योगिक क्षेत्रका उद्योगबाट उत्पादित सामग्री अपेक्षाकृत बिक्री नहुँदा सञ्चालनमा समस्या भएको छ । कच्चा पदार्थ अभाव, लागत वृद्धि तथा बैंकको ब्याजले ती उद्योगको उत्पादन ४० प्रतिशतमा सीमित भएको छ ।

उक्त औद्योगिक क्षेत्रमा ११५ ञ्चालनमा छन् । ती उद्योग अहिले ात क्षमतामा सञ्चालन भइरहेका ह क्षेत्र व्यवस्थापन कार्यालयले छ । तीन सिफ्टमा चल्ने उद्योग ट्टमा मात्र सञ्चालन भएका छन् क्षमता अनुसार सञ्चालन हुन मजदूर तथा कर्मचारी कटौतीमा न् ।

उक्त कार्यालयका प्रमुख भोजराज बिडारीका अनुसार कोरोना महामारीपछि परेको आर्थिक तथा व्यावसायिक मन्दीको प्रभाव यहाँका उद्योगमा परेको छ । आर्थिक मन्दीले सञ्चालन नभएका दुई दर्जन उद्योगको सम्झौता खारेज प्रक्रिया शुरू गरिएको छ ।

कार्यालयका प्रमुख बिडारीले सम्झौता गर्ने एवं जमीन ओगट्ने काम मात्र भएको तर उद्योग सञ्चालन नभएकाले कारबाही प्रक्रिया अगाडि बढाइएको बताए । केही उद्योगको सम्झौता खारेज गर्दा कार्यालयविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर पनि भएका उनले बताए ।

औद्योगिक क्षेत्रमा स्थापना भएका १४७ मध्ये ११५ वटा विभिन्न प्रकृतिका उत्पादनमूलक उद्योग सञ्चालनमा छन् । नौवटा उद्योग बन्द भएका तथा २३ वटा निर्माणाधीन छन् ।

उद्योगको अवस्था दयनीय भएकाले भाडा तिर्न समस्या परेको उद्योगीहरूको गुनासो छ । यहाँ सञ्चालित उद्योगबाट उत्पादित सामग्रीको लागत धेरै हुनु, उत्पादित सामग्री बिक्री नहुनु तथा आर्थिक मन्दीले उद्योगहरूको अवस्था नाजुक भएको उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरू बताउँछन् ।

"अहिले मन्दी छ, पसल खाली हुँदै गएका छन्, उत्पादित सामान बिक्री हुँदैनन्, यो गम्भीर समस्या हो । उद्योगका लागि बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न समस्या भएको र उद्योगमा थप लगानी गर्न बैंकले ऋण दिंदैन," हेटौंडाका फर्निचर उद्योगी रामपुकार ठाकुरले भने ।


औद्योगिक क्षेत्रमा निर्माण सामग्री उद्योग पाँच, प्लास्टिक सामग्री उद्योग २८, विद्युतीय सामग्री उद्योग तीन, खाद्यान्न तथा पेय पदार्थ उद्योग ११, फर्निचर सामग्री उद्योग छ, इन्जिनीयरिङ सेवातर्फ १५, प्याकेजिङ सामग्रीतर्फ पाँच, केमिकल सामग्रीतर्फ ११, पोल्ट्री तथा दाना उद्योगतर्फ दुई, टेक्सटायल उद्योगतर्फ एक, खानीजन्य उद्योगतर्फ तीन र अन्य उद्योगतर्फ १० वटा उद्योग छन् । यी उद्योगमा पाँच हजार मजदूरले रोजगार पाएका छन् । विसं २०२० मा स्थापना भएको औद्योगिक क्षेत्र तीन हजार २२८ रोपनीमा फैलिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# ‘अन्तर्दृष्टि’भित्र एक दृष्टि

नेपाली साहित्यकारमध्ये निकै कमका हिन्दीमा पुस्तक प्रकाशित छन् । अझ हिन्दी लघुकथाको कृति त अत्यन्तै न्यून छ। नेपाली लघुकथा र हिन्दी लघुकथामा केही भिन्नता अवश्य देखिन्छ । हिन्दी लघुकथाको मूल प्रवृत्ति अहिलेसम्म कथाको छोटो रूप वा लघुआकारको कथा हो तर नेपाली लघुकथाले भने स्पष्ट दिशानिर्देशसहित विकास भइसकेको छ। यद्यपि हिन्दी लघुकथामा पनि अब कथा र लघुकथाको भिन्नता बुझिने गरी आउन थालेको छ। लघुकथाको क्षेत्रमा सैद्धान्तिक तथा प्रयोगात्मक दुवै किसिमले निरन्तर प्रयोग भइरहेका छन् । अहिले नेपाली साहित्यमा एक किसिमले लघुकथाको बाढी नै आएको छ तर नेपाली लघुकथाकारद्वारा हिन्दी भाषामा नेपाली लघुकथाको विशिष्टतासहित निकै कम कृति प्रकाशित छन् । यस्तै, कम कृतिमध्ये एक हो– ‘अन्तर्दृष्टि’ ।

‘अन्तर्दृष्टि’ हेटौंडेली साहित्यकार किसन पौडेलको लघुकथा कृति हो । हिन्दी भाषामा प्रकाशित पौडेलको पहिलो लघुकथा सङ्ग्रहलाई पङ्ख प्रकाशन उत्तर प्रदेश, भारतले गरेको छ। कृतिको भाषा




सम्पादन मेरठका रमेश चन्द ‘रत्नेश’ले गरेका छन् । लघुकथाकार पौडेलले आफूलाई लेखक र अनुवादक दुवै भनेका छन्। यसको अर्थ यो पनि हो कि लेखकले लघुकथाको अनुवाद आफैंले गरेका छन्। पहिले नेपालीमा लेखेर हिन्दीमा अनुवाद गरिएको यस लघुकथा सङ्ग्रहभित्रका लघुकथाहरूलाई अध्ययन गर्दा हिन्दी भाषामा नेपालीको स्वाद पनि पाइन्छ । ‘अन्तर्दृष्टि’ हिन्दी लघुकथा सङ्ग्रहभित्र ३८ वटा लघुकथा समाविष्ट छन् ।

जहिले पनि माथि उक्लने दाउ खोज्नेहरूमा स्वाभिमान, नैतिकता र निष्ठाजस्ता मानवीय गुण हराउँदै जाने ‘आशीर्वाद’ कथामा देखाइएको छ । ‘इन्द्रीय सुख’मा धनलाई महत्त्व दिने कन्जुस मानिसले जीवनको ऊर्जाकालमा इच्छालाई मारेर सम्पत्ति थुपारे पनि अन्ततः उपभोग गर्ने मनसाय भएपछि मन जवान भएर पनि सबै इन्द्रियले काम गर्न छाडिसकेको हुन्छ र इन्द्रिय सुखबाट वञ्चित हुनुपर्ने हुन्छ भन्ने देखाइएको छ। पृथ्वीका मानिसहरूमा अनेक विकृति तथा विसङ्गति रहेकाले यन्त्रमानवको निर्माण भगवान्ले गर्नुपरेको व्यङ्ग्योक्ति ‘पृथ्वीलोक’मा रहेको छ । सोमनाथको आश्चर्यजनक आर्थिक तथा अन्य प्रगतिको कारण चाकरी, चाप्लुसी र भ्रष्टाचार रहेको म पात्रसित सगर्व स्वीकार गरेको ‘रहस्य के पर्दे’ले विकृतिमाथि पनि गर्व गर्ने मानवीय प्रवृत्तिमा चोटिलो प्रहार गरिएको छ। स्वतन्त्रता देवत्वभन्दा पनि मूल्यवान् हुने अत्यन्तै रोचक शैलीमा ‘खुशी’ले देखाएको छ । सबै सुख वा सन्तुष्टि पाउन मुश्किल हुने र सन्तुष्टिको उच्च रूप खोज्दा त्यहाँ पनि रिक्तता अनुभूति हुने यस लघुकथाको मूल दर्शन हो ।

रोग, गरीबी र ऋणग्रस्तताबाट मुक्ति नै मानिसको असली सुख रहेको अत्यन्त प्रतीकात्मक लघुकथा ‘सुख’मा कुनै एकसित जुधिरहेको मानिस अर्कोसित लडिरहेकोलाई सुखी देख्ने भाव अभिव्यक्त भएको छ । सहयोग, दान र दयालाई

पुस्तक समीक्षा



सञ्जय मित्र
mitrasanjay41@gmail.com

पनि सामाजिक सञ्जालमा राखेर त्यसको पनि विज्ञापन गर्ने प्रवृत्तिलाई ‘दया’ले आत्मपरक शैलीमा व्यङ्ग्य गरेको छ । प्रेमको सम्बन्ध हृदयसित हुने र बाह्य सुख–दु:खले खासै प्रभाव नपार्ने ‘सम्बन्ध’ले प्रदर्शन गरेको छ। फूलको सौन्दर्यमार्फत सुन्दरता क्षणिक हुने दार्शनिक भाव ‘सौन्दर्य’मा फूल र बूढो रूखको संवादमा आएको छ। आदर्श र यथार्थबीच तालमेल नहुने आजको यथार्थलाई ‘आदर्श’ले स्पष्ट पारेको छ । यो औसत लघुकथा हो । ज्ञान, बुद्धि र अहङ्कारले देवतातुल्य मानिस र स्वर्गतुल्य पृथ्वीमा गरीबी, भोकमरी, आन्दोलनजस्ता कुरूपता व्याप्त रहेको र देवताहरूले पनि केही गर्न नसकेको ‘एलियन्स’ अलिक लामो र स्वैरकाल्पनिक कथा हो ।

सुखको लागि गरिएको कामले कहिलेकाहीं चिन्ता बढाउने गर्छ । यही तार्किकतालाई ‘चिन्ताएँ’ कथाले दु:खीरामले पानी पार्न भ्यागुतोको बिहे गराएपछि वर्षा भएर आएको बाढीले चिन्ता थपिएको सन्दर्भबाट पुष्टि गरेको छ। कुनै पनि महामारीभन्दा भोक ठूलो रोग हो। यसलाई ‘अनुत्तरित’ कथाले म र माग्ने पात्रको संवादबाट स्पष्ट पारेको छ । वर्णनात्मक लघुकथा ‘हैसियत’मा ऊ पात्रले किन्न चाहेको जुत्ताको शोरूममा मूल्य देखेर फूटपाथमा किनेकोबाट हैसियतले आफ्नै किसिमको सन्तुष्टि दिने बताएको छ। आफ्नो घरलाई बुल्डोजरले भत्काउँदै गरेको र सानो छोराले गरेको प्रश्नले आहत भई आँखामा छल्किएको पीडालाई ‘पीडा के आँसु’ लघुकथाले देखाएको छ। भ्रष्टाचारीहरूले भ्रष्टाचार गर्दै भ्रष्टाचारविरोधी सम्भाषण दिने गरेको यथार्थलाई ‘वक्तत्व’ कथामा प्रस्तुत गरिएको छ। हेराइमा पनि लैङ्गिक विभेद रहेको विषयवस्तुलाई ‘दृष्टिदोष’ लघुकथाले स्पष्ट पारेको छ । आफूले गरेको राम्रो र अरूले गरेको नराम्रो मान्ने बानीलाई यसले उजागर गरेको छ। ‘एक हाथ से ताली’ अन्याय र विभेदविरुद्ध विद्रोही लघुकथा हो। यसलाई प्रगतिशील लघुकथा मान्न सकिन्छ। राजनीतिमा एकअर्काको विरोध केवल विरोधको लागि र सर्वसाधारणबाट ताली पाउनको लागि मात्र गर्ने गरेको र भित्रभित्रै सबैमा एकता रहने गरेको प्रवृत्तिलाई ‘चरित्रका धर्म’ले उदाङ्गो पारेको छ ।

मानिसले अरूको प्रगति देख्न वा सुन्न नचाहने तथा नक्कलीपनमा मानिस रमाउन चाहने दुई प्रवृत्तिको आत्मरतिलाई ‘सुनहरी छडी’मार्फत प्रतीकात्मकरूपमा छर्लङ्ग पारिएको छ । वस्तुको उपयोगिता ठाउँ अनुसार र पात्र अनुसार हुने भावलाई ‘नियति’ लघुकथाले फूलको नियतिमार्फत स्पष्ट पारेको छ । आफ्नै किसिमले कुनै घटना वा पात्रको अनुमान लगाउने तर यथार्थ फरक हुने कुराको मूल्याङ्कन ‘अनुमान’ कथाले गरेको छ। एक राजनीतिज्ञको प्रधानमन्त्री बन्ने सपना पूरा हुनै लागेको भविष्यवाणी ज्योतिषले गरेको तर इमानदार र नीतिवानबाहेक अरू कोही कुर्सीमा बस्दा खरानी हुने कुरा लेखिएको देखेपछि डरले प्रधानमन्त्री बन्ने इच्छा नै छोडेको कुरा ‘अद्‌भुत कुर्सी’मा रहेको छ । सत्ताको उन्मादमा कुनै पनि समस्यालाई नदेख्ने, नसुन्ने, नबुझ्ने भएको सन्दर्भ ‘अपाहिज दृष्टि’मा रहेको छ । लोभी मानिसमा मर्ने बेलासम्म पनि लोभ गर्ने प्रवृत्ति बाँचिरहन्छ र सम्पूर्ण परिवारमा पनि आर्थिक लोभ फैलिएको हुन्छ भन्ने कुरालाई व्यङ्ग्यात्मक शैलीमा ‘लालच’ लघुकथाले स्पष्ट पारेको छ ।

‘महानगर’मा चुनाव जित्नको लागि कसरी नारा निर्धारण हुन्छ भन्ने विकृतिलाई विषयवस्तु बनाइएको छ । आधुनिक मानिसमा रहेको मोबाइल प्रेमको विकृतिलाई ‘आसक्ति’ लघुकथाले सहजतापूर्वक देखाएको छ । सांसारिक सुख, सन्तुष्टि र आत्मरतिमा जीवन बिताउने मानिसमा जुनसुकै उमेरमा पनि मृत्युको भय हुने स्वैरकाल्पनिक कथ्य ‘मृत्युका निमन्त्रणपत्र’मा रहेको छ । ठेकेदारहरूले भगवान्लाई ठग्न पनि भगवान्को आशीर्वाद लिने गरेको अर्थात् मन्दिरको पर्खाल भत्किएर पुनः ठेक्का पर्दा भगवान् र ठेकेदार दुवै खुशी भएको कुरालाई ‘तथास्तु’ले देखाएको छ। ‘पति–पत्नीको झगडा, परालको आगो’ भन्ने उखानलाई पत्नीको व्यवहारले आजित भई आत्महत्या गर्न हिंडेको मानिस घरपरिवारको जिम्मेवारी बोध गर्दै मोबाइलमा पत्नीले गरेको गालीभित्रकै प्रेमले घर फिरेको कथ्यलाई ’प्यारका बन्धनले सहजतापूर्वक स्पष्ट पारेको छ। जीवनभर सहयोग नगर्ने, दुई शब्द मीठो नबोल्ने तर मृत्युपछि खूब प्रशंसा गर्ने प्रवृत्तिलाई दयारामको अन्तिम संस्कारसँगै ‘सहानुभूति’ कथाले स्पष्ट पारेको छ । सधैं दलितको विरोध गर्ने तर दलितकै रगतले जीवन बाँचेको कुरालाई बडो सहजतासाथ पण्डित हरिप्रसादको कथामार्फत ‘सङ्कीर्ण सोच’ सार्वजनिक भएको छ । मानिसको चाहना र कल्पनालाई व्यवहारमा उतार्न नसक्ने अवस्था भएमा सपनामा सन्तुष्टि प्राप्त हुने गर्छ भन्ने तथ्यलाई ‘सन्तुष्टि’ कथाले देखाएको छ।

भ्रष्टाचारीलाई उसको घर, ऐना तथा अन्य परिवेशले पनि धिक्कार्ने रहेछ । कसैले पनि राम्रो भन्ने रहेनछ । यही कुरालाई ‘उपर आदेश’ लघुकथाले देखाएको छ । अस्पतालमा रिपोर्ट साटासाट भएपछि पर्ने प्रभावलाई बडो कुतूहलपूर्ण र मार्मिक शैलीमा ‘मृत्युभय’ कथाले स्पष्ट पारेको छ। ब्लड क्यान्सरले मृत्युको नजीक पुगेको रिपोर्ट साटिंदा मानसिकरूपमा आएको पीडामय अवस्थालाई सुन्दर ढङ्गले स्पष्ट पारिएको छ । आन्दोलनमा कहिलेकाहीं नसोचेको क्षति बेहोर्नुपर्छ भन्ने कुरालाई प्रतीकात्मक रूपमा ‘खामोशी’ लघुकथाले बताएको छ । परदेशमा आफ्नो पहिचानको कुनै कपडा लगाउँदा स्वदेशीले सजिलै चिन्ने र आफ्नोपनको अनुभूति हुने कुरालाई एक नेपालीले टोक्योमा नेपाली टोपी लगाएपछि सहज ढङ्गले देखाएको छ । कृतिको अन्तिम लघुकथा हो– ‘न्याय’ । एकले अर्कोमाथि दोष पन्छाउँदै जाने र आफूलाई निर्दोष साबित गर्ने मानवीय प्रवृत्तिलाई यस लघुकथाले उजागर पार्दै जसले सफाइ दिन पाएन उसैलाई दोषी मान्ने प्रवृत्तिमाथि पनि प्रहार गरेको छ। आमुख तथा शुभकामना सबै भारतीय साहित्यकारको रहेको यस सङ्ग्रहभित्रका कतिपय लघुकथाहरू नेपाली शैली र प्रवृत्तिको लघुकथाभन्दा पृथक पनि छन्। लघुकथामा पनि लघुआयाम र आयाम विस्तार प्रयोग गरिएको छ। कतिपय

(बाँकी चौथो पातामा)

# मानवीय हरकतले चकित शुभकामना

“बेमन के बियाह, कनपटी में सेनुर” भन्ने प्रसिद्ध भोजपुरी लोकोक्ति रीत पुऱ्याउने सन्दर्भमा प्रयोग गरिन्छ। बिहे गर्न मन नभएको बेहुलाको ध्यान अन्यत्र हुँदा सिउँदोमा लगाउनुपने सिन्दुर कन्चटमा लाग्न पुग्यो । त्यस कारण शुभकामनाको मानक कागलाई काफल पाक्यो हर्ष न विषाद भनेझैं अवस्थामा छ। किनभने हिजोआज रीत पुऱ्याउने कार्यमा बढी भइरहेको छ । वर्तमान मानवीय परिदृश्य देखेर शुभकामना स्तब्ध छ ।

आज नितान्त खास दिन हो। विक्रम संवत् २०८१ को पहिलो दिन, चार दिवसीय चैती छठ पर्वको दोस्रो दिन, अर्थात् रसियाव रोटी र चैती नवरात्रको पाँचौं दिन। हिन्दू पञ्चाङ्ग अनुसार चैत शुक्लपक्ष एकम तिथि मङ्गलवारको दिनदेखि नववर्ष प्रारम्भ भइसकेको छ। त्यसैगरी रामनवमी बुधवारको दिन मनाइने छ । गएको बिहीवार मुस्लिम धर्मावलम्बीहरूले शुभकामना आदानप्रदान दिनमा केवल परिजन र इष्टमित्रलाई मात्र हैन, राष्ट्रको समृद्धिको लागि पनि कामना गरिन्छ । अरूलाई दिने वा अरूबाट ग्रहण गर्ने शुभकामना कसरी सार्थक हुन्छ, कसैले कहिल्यै विचार गरेको छ ? शुभकामना दिंदालिंदा सोमार्फत प्रवाह हुने सन्देश सत्कर्म हेतु हो । वैध आर्जनले सुख, निष्ठापूर्ण कर्मले शान्ति,

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

शुद्ध आहारले सुस्वास्थ्य प्राप्त हुन सक्छ। शुभकामना प्रवाह गर्ने व्यक्तिको मर्म यही हो। शुभकामनाको वास्तविक तथ्य बोध नहुँदा नयाँ वर्ष, चाडबाड वा विशेष भगवानसँग लड्न थाल्छन्। उनीहरूलाई भन्न बेर लाग्दैन–“हेरौं भगवान्ले कसरी सुख दिंदोरहेछन्। किनभने भगवान्भन्दा आफूलाई ठूलो ठान्ने पात्रहरूको अचेल कमी छैन ।

विक्षिप्त शुभकामना मनमनै भन्दै थियो–“म कसरी भनुँ यो नववर्षले तपाईंलाई खुशी देओस्। न वर्ष, न म, न भगवानले सुख दिन सक्छन्। किनभने सुख–दु:ख दिने अरू नै हो। तपाईं सधैं खुशी रहनुहोस् भन्ने मेरो चाहना हो । तर, अन्नबाली आउनेबित्तिकै व्यापारीहरूले सस्तोमा खरीद गरी लुकाउँछन् । पछि आफूखुशी मूल्य बढाउँछन् । अनि म कसरी सुखी र खुशी पार्न सक्छु ?

नयाँ वर्ष, चाडबाडको बेला शुभ संदेशसहित मलाई घरघर पठाइन्छ । तपाईंलाई सम्झना होला बितेको नयाँ वर्षको शुरूमैं सुख–समृद्धिको सन्देशसहित म तपाईंको घरमा प्रवेश गरेको थिएँ । तर तपाईं पूरा वर्ष दु:खमा बित्यो ।




गरी इद–उल–फित्र मनाए । समग्रमा भन्नुपर्दा यो साता चाडबाडले भरिपूर्ण रह्यो ।

यसै क्रममा हिजो विसं २०८० को बिदाई र आज २०८१ को स्वागत देशैभरि नयाँ वर्ष मनाएर गरिंदै छ । चाडबाड होस् वा कुनै खास दिन, एकले अर्कालाई सुख–समृद्धिको कामनासहित शुभकामना व्यक्त गर्ने प्रचलन सदीयौंदेखि छ। उहिले प्रियजनसँग भेंटेर शुभकामना आदान–प्रदान गर्ने आत्मीय व्यवहार थियो। आज पनि आत्मीयता छ, यद्यपि व्यस्त जीवनशैली र समय अभावका कारण आत्मीयता स्वार्थ, शब्द, शैली र वाणीमा सीमित हुँदै गएको छ । एक हृदयबाट प्रस्फुटित भई अर्कोसम्म पुग्ने मनोभाव साँघुरिंदै गइरहेको अवस्था छ ।

मैसेन्जर/व्हावट्एपलगायत विद्युतीय माध्यमबाट शुभकामना प्रवाह गर्ने क्रम बढ्दो छ । चाडबाड अगावैदेखि शुभकामनायुक्त सन्देश सामाजिक सञ्जालका भित्तामा सम्प्रेषण गर्ने चलन स्थापित र पुस्तान्तरण हुने क्रम चलिरहेको छ । फ्रेन्डलिस्टमा आबद्ध साथीहरूले सन्देश ग्रहण गरे कि गरेनन् भन्ने कुराको खासै चाँसो हुँदैन । उत्सुककतापूर्ण माहोलमा प्रत्यक्ष भेंटेर शुभकामना आदान–प्रदान गर्ने स्नेहपूर्ण मनोवृत्ति सङ्कुचित हुँदै गइरहेको वर्तमान यथार्थ समाजसामु छर्लङ्ग छ ।

शुभकामना दिनु भनेकै आत्मीयजनको भलोको कामना गर्नु हो। शुभकामना दिने क्रममा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायुको कामना गरिन्छ । तर अचेल अपवादबाहेक ‘रेडिमेड’ सन्देश रीत पुऱ्याउने औपचारिकता बनिरहेको छ। शुभकामना सन्देशको उपादेतया के भन्ने विचारणीय पक्षबारे सामाजिक चिन्ता अचेततुल्य छ। चुरो कुरो आत्मसात् गरी जीवनमा लागू नगरुन्जेल शुभकामना आदनाप्रदानले न यसको मर्म फलीभूत हुन सक्छ न सार्थकता नै ग्रहण गर्न सक्छ ।

चाडबाड, पूजापाठ वा कुनै विशेष दिनको अवसरमा अदान–प्रदान गरिने शुभकामना सार्थक हुन सक्दैन ।

चकित शुभकामना यताउति डुलिरहेको थियो । त्यही बेला दुईजना साथीको जम्का भेट भएछ। उनीहरूमध्ये एकजना सरकारी अधिकारी थिए, अर्का किसान। सरकारी अधिकारीले साथीलाई देख्नेबित्तिकै हर्षपूर्ण स्वरमा भने–“हेलो साथी, नववर्ष २०८१ को हार्दिक शुभकामना। सँधै खुशी र सुखी रहनू।” उताबाट प्रतिक्रिया आएन ।

सरकारी अधिकारीले पुनः मुख खोले र भने–“अनुहार किन मलीन छ, साथी ?” अनि किसान साथीले भने–“गत वर्ष तिमीले सुखी र खुशी हुने शुभकामना दिएका थियौ । तर बीउ, मल र सिंचाइको अभावमा उब्जनी राम्रो भएन। परिवार पाल्न धौधौ छ । त्यसमाथि अचाक्ली महँगी। ऋण काढेर परिवार पाल्नुपरिरहेको छ। तिम्रो शुभकामनाको उल्टो प्रभाव पऱ्यो । त्यस कारण म कसैको शुभकामना ग्रहण गर्ने पक्षमा छैन ।” शुभकामना उनीहरूको कुरा सुनिरहेको थियो । उसको मन मलीन भयो । उसले मनमनै विचार गऱ्यो, आखिर यसमा मेरो के दोष ? बीउ, मल र सिंचाइ पूर्ति गर्ने दायित्व त सरकारको हो ।

पर्वैपर्वको समय भएकोले एक हप्तादेखि शुभकामनालाई फुर्सत छैन । प्रधानमन्त्री, मन्त्री, नेता, जनता, चिकित्सक, शिक्षक, विद्यार्थी, किसान यस्तो कुनै व्यक्ति छैन जसले शुभकामनालाई प्रयोग नगरेको होस् ।

खोइ, कताकता शुभकामना अचेल निकै द्विविधामा छ । कुरा के हो भने आजको परिवेशमा शुभकामना दिंदा उल्टो हुन थालेको छ । मानौं मैले शुभकामना दिएँ–सत्कर्म गरी खुशी र सुखी रहनु । यदि तपाईंले कुकर्म गर्नु भएको रहेछ भने मैले प्रवाह गरेको सुखको कामना कसरी फलिफाप हुन्छ ? अर्को कुरा नयाँ वर्षको शुभकामना दिउँ भने, तपाईंलाई दु:ख दिने तपाईंका दुश्मनहरू किनभने हरेक महीना उपभोग्य सामग्रीको भाउ बढेकोबढ्यै छ । विरोध गरेपछि सरकारले व्यापारीहरूलाई थर्काउँछ । यति मात्र होइन, केही व्यापारीलाई पक्राउ पनि गर्छ । तर परिणाम उल्टो हुन्छ । मूल्य कम हुनुपर्नेमा झन् बढ्छ। मलाई त लाग्छ अनैतिक धन्दामा लिप्त पात्रहरूलाई पक्राउ गर्नु नै महापाप हो । शायद यहीं पापको कारण मूल्य बढेकोबढ्यै छ ।

गत वर्ष एकजनाले सन्देशसहित मलाई एक सरकारी कर्मचारीको घरमा पठाएका थिएँ। अनि त्यो सन्देश पाउने कर्मचारीले घूस खान थाल्यो। उसले त साथीको शुभ सन्देश आफूलाई फलिफाप होस् भनेर घूस नलिई कुनै पनि सरकारी काम नगर्ने निधो गऱ्यो । केही महीना अघि अख्तियारको टोलीद्वारा रङ्गेहात पक्राउ पऱ्यो। यसमा मेरो के दोष ?

विद्यार्थीकहाँ पुग्दा चिट चोर्छ । व्यापारीकहाँ पुग्दा अनैतिक लाभ लिन थाल्छ। पत्रकारकहाँ पुग्दा ‘ब्ल्याकमेल’ गर्न थाल्छ । शिक्षककहाँ पुग्दा अवैध असुली गरेर पास गराउन थाल्छ । युवतीको शरणमा जाँदा मातापितालाई परित्याग गरी प्रेमीसँग भाग्छन्। युवाहरू कहाँ जाँदा पढाइभन्दा बढी केटीहरूलाई छेडछाड गर्छन्। प्रहरीमा पुग्दा तस्करको लाइन खुल्छ । नेता र मन्त्रीकहाँ पुग्दा सुनकाण्ड र सहकारीकाण्ड र अनेक प्रकारका अनैतिक काण्डमा लिप्त हुन्छन्। न्ययालयमा पनि मलाई आत्मसात् गर्नेहरूको सङ्ख्या न्यून छ। कहीं पनि मलाई सुख छैन । म त एउटा मित्रको सन्देश लिएर अर्को मित्रकहाँ उसको सुख र समृद्धि होस् भनेर पुग्छु। तर मलाई आत्मसात गर्ने काम त ती व्यक्तिको हो। उनीहरू भने सन्देशको मर्मविरुद्ध कार्य गर्छन् र फसेपछि मलाई दोष दिन्छन्। त्यसैले म हिजोआज डराइरहेको छु। यद्यपि नववर्ष २०८१, चैती छठ, रामनवमी र इद–उल–फित्रको अवसरमा यस वर्ष पनि घरघर पुगेकै छु। हे मानव ! मलाई आत्मसात् गर। शुभकामना !

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

हाम्रा सानासाना कार्यबाट खुशी, उमङ्ग, उत्साह अभिव्यक्त हुनुपर्छ । जे पनि काम हामी गरौं, परमात्माको पूजा सम्झेर गरौं । ओशोले स्थापित गरेका कम्युनमा यस्तै घटित भएको थियो । यो सिद्धान्तमा मात्र सीमित थिएन । कम्युनमा सबै मानिस यसरी काम गर्थे कि उनीहरू परमात्माको पूजा तथा अर्चना गरिरहेका छन् । उनीहरू यसरी काम गर्थे कि परमात्माको आराधना गरिरहेका छन् । उनीहरू अलगगै कुनै मूर्तिको पूजा गर्दैनथे । कुनै इष्टदेवताको उपासना गर्दैनथे । तर आफ्नो कामलाई प्रेमले ओतप्रोत भएर गर्थे । आफ्नो कामको बयान गर्दै सन्त कबीर भन्ने गर्नुहुन्थ्यो –

कैसा ताना, कैसा बाना, कौन तार से बिनी चदरिया ।
राम नाम रस बिनी चदरिया, झिनी रे झिनी चदरिया ।

आत्मरसलाई पूरा खन्याएर, प्रभुको रङ्ग कपडामा पनि देखिने गरी कबीरले कपडा बुन्ने गर्नुहुन्थ्यो । हामी पनि सन्त कबीरले जस्तै पूरा भक्तिभावसँग, प्रेमभावसँग गरौं । त्यही हाम्रो काम नै आफैंमा परमात्माको पूजा हुनेछ । अमेरिकाको रजनिशपुरममा सबै प्रकारका निर्माण कार्यहरू भएका थिए । घरहरू तथा सडकको निर्माण पनि भइरहेको थियो । बिजुलीको तार तथा टेलिफोन लाइन बिछ्याउने काम पनि भइरहेको थियो । पानीको ड्याम बनाएर नदीहरूलाई सुचारु ढङ्गले बग्ने व्यवस्था मिलाइएको थियो । एउटा शहरमा जति पनि कामहरू हुन्छन्, त्यहाँ सबै प्रकारका कामहरू भएका थिए । केही मानिसहरूले व्यवस्थापनको काम सम्हालेका थिए । यी सबै कामलाई मानिसहरूले पूजा सम्झेर धेरै प्रेमभावपूर्वक, धेरै होशपूर्वक गर्ने गर्थे । अलगबाट ध्यान गर्नुपर्ने कुनै आवश्यकता नै थिएन, सबै थोक ध्यानपूर्ण भयो, पूजा तथा अर्चना जस्तै भयो ।

ओशोको मौलिक सन्देशको कुरा गर्ने हो भने उहाँको मौलिक सन्देश भनेको अध्यात्म र विज्ञानको मिलन हो । हामीहरू बाहिरबाट सुविधापूर्वक सम्पन्नतामा बाँचौं र भित्रबाट शान्ति र सौन्दर्यमा बाँचौं । अतीतलाई हेर्ने हो भने मनुष्य जातिलाई विभाजित गरिएको पाइन्छ । केही मानिसलाई भौतिकतावादी भनिन्थ्यो भने केही मानिसलाई आत्मवादी भनिन्थ्यो । आत्मवादीहरू बाहिरबाट दीन, दरिद्र, अशिक्षित रहन पुगे भने भौतिकवादीहरू भित्रबाट अशान्ति, बेचैनी, दुःखमा थिए । उनीहरू दुवैका दुःखहरू अलगअलग भएपनि दुवैथरी दुःखी थिए, दुवै अशान्तिमा थिए । ओशोको मौलिक सन्देश अनुसार हामी बाहिरबाट विज्ञानको सहारा लिऊँ । भित्रबाट ध्यानको सहारा लिऊँ । जसले गर्दा हामी बाहिरबाट धनी र भित्रबाट ध्यानी हुन सकौं । बाहिर हामी सुविधामा बाँचौं, भित्र हामी समाधिमा बाँचौं । यो निश्चितरूपमा सम्भव छ । ओशोले यसलाई "जोर्वा दी बुद्ध" भन्नुभएको छ । यसमा जोर्वा एक ग्रीक उपन्यासबाट लिइएको नाम हो । यी काल्पनिक पात्रको नाममा एउटा फिल्म बनेको थियो । यो भौतिकवादी दृष्टिकोणको प्रतीक हो भने बुद्ध आत्मवादी दृष्टिकोणको प्रतीक हो । ओशो भन्नुहुन्छ– बुद्ध पनि अधूरो हुनुहुन्छ । जोर्वा पनि अधूरा छन् । दुवैको महासङ्गम हुन जरुरी छ । यदि यो महासङ्गम हुन सकेन भने यो मानवजाति बच्न सक्दैन । सबै मानिसले पुरानै ढङ्गले जीवन जिउन थाले भने यो धर्ती पनि बच्न सक्नेछैन । धर्म पनि, विज्ञान पनि विफल भइसकेका छन । विज्ञान बिस्तारैबिस्तारै विध्वंशक हुँदै गइरहेको छ । विज्ञानले परमाणु बम, जैविक हतियार आदि बनाएको छ । किनकि भित्र शान्ति छैन । मनमा अशान्ति छ, हिंसा छ, ईर्ष्या छ, वैमनस्य छ ।

यदि विज्ञानसँग धर्म पनि जोडियो भने विज्ञान पनि शुभ परिणाम ल्याउने खालको हुनेछ । अहिले विज्ञान निरन्तर दुष्परिणामतर्फ उन्मुख भइरहेको छ । अध्यात्म पनि एक्लै सफल हुन सकेन । अध्यात्ममा केही मानिसहरूले शान्ति त पाए तर धेरै मात्रामा समाजले गरीबीको सामना गर्नुपर्‍यो । यो पनि राम्रो कुरा भएन । भौतिकतावादीहरू भित्रभित्रै अहङ्कारले ग्रस्त छन् । तनावले भरिएका छन्, उनीहरूको मनमा चैन छैन । यसैले पश्चिमीजगत्मा मानसिक रोग बढ्दै गइरहेको छ । यसैले विज्ञान तथा अध्यात्मको समन्वय हुनु जरुरी छ । विज्ञान तथा अध्यात्मको महासङ्गम अनिवार्य छ । तबमात्र यो धर्ती स्वर्ग बन्न सक्छ, नत्र यो सम्भव छैन । जस्तो एउटा पूर्ण मानव हुनको लागि शरीर तथा आत्माको मिलन हुनु जरुरी छ । यी दुवैको आपसमा केही विरोध छैन । अब मानिलिऊँ, शरीरबाट आत्मा निस्कियो भने शरीर के हुनेछ ? एउटा लाश बन्नेछ । यदि शरीर भएन भने आत्मा के हुनेछ ? एउटा भूत अथवा प्रेत हुनेछ । ठीक यस्तै अतीतमा अध्यात्मले केवल आत्मा तथा परमात्मा माथि जोड दिइरहेको थियो । शरीरको उपेक्षा गरिरहेको थियो । त्यो एउटा भूताहा अध्यात्म थियो । पश्चिममा आत्मालाई मानिंदैन, शरीरलाई प्राथमिकता दिइन्छ, यो भौतिकतावादी मुर्दा लाश जस्तै छ । यी दुवैको सुखद संयोग भएपछि मात्रै एउटा जीवित व्यक्ति हुन सक्छ ।

हामीले केटाकेटी उमेरमा जङ्गलमा भीषण डढेलो लागेको र त्यसमा एउटा अन्धो मानिस तथा एउटा लङ्गडो मानिसले आपसी सहयोगद्वारा आफ्नो प्राण बचाएको कथा आउँछ । लङ्गडो मानिस अन्धो मानिसको काँधमा बसेर लङ्गडो मानिसलाई कतातिर हिंड्ने भनेर बताउँछ र अन्धो मानिसले आफ्ना बलिया खुट्टाको सहायताले भागेर वनबाट बाहिर निस्कन सफल हुन्छ । आपसी सहयोगले दुवैको प्राणको रक्षा हुन्छ । पढ्दा सामान्य लागे पनि यो कथा अत्यन्तै प्रेरणादायी छ । यो जीवनका विभिन्न आयाममा लागु हुन्छ । पूर्वसँग शान्ति छ, दृष्टि छ, तर शक्ति छैन । पश्चिमसँग तागत छ, तर दिशाबोध छैन, लक्ष्य छैन । यसले गर्दा पूरा मनुष्य जाति खतरामा परेको छ । यसले गर्दा आतङ्कवादको खतरा बढेको छ, तृतीय विश्वयुद्धको सम्भावना बढेको छ । जैविक हतियारको खतरा बढेको छ । यी सबै जीवनविरोधी धर्मका भयानक दुष्परिणाम हुन् । यही नै ओशोको मूल सन्देश हो । क्रमशः

---

**अन्तर्दृष्टि ...**

लघुकथामा नेपाली शैली र नेपालीपन अर्थात् आञ्चलिकता देखिन्छ । लघुकथामा यथार्थ कुरालाई देखाउन पनि स्वैरकाल्पनिकताको व्यापक उपयोग गरिएको छ । पात्र, परिवेश तथा संवादमा अलौकिकताको प्रयोग गरिएको छ । विवरणात्मकताको छनक र वर्णनात्मकताको प्रयोगले केही लघुकथामा संवादको अभाव देखिन पुग्छ । कतिपय लघुकथामा संवादकै माध्यमबाट परिवेश र प्रवृत्ति प्रस्तुत भएका छन् । कतै बीज वाक्यको प्रयोग गरिएको छ भने कतै सन्देशलाई पाठकले नै पहिल्याउनुपर्ने देखिन्छ । लघुकथाकार पौडेलले नेपालीमा सबै लघुकथा प्रकाशन वा लेखन भएको र हिन्दीमा अनुवाद गरिएको बताएका छन् । यसबाट लघुकथाको दोस्रो भाषा हिन्दी भएकोले यसको प्रभाव पनि यसमा देख्न सकिन्छ । समग्रमा 'अन्तर्दृष्टि' लघुकथालाई प्रयोगवादी सङ्ग्रह मान्न सकिन्छ । लघुकथाकार पौडेल अधिकांश लघुकथा नेपाली मानक लघुकथाको नजीक रहेकाले आगामी यात्रा अझ सशक्त हुने विश्वास गर्न सकिन्छ । नेपाली र हिन्दी साहित्य तथा साहित्यकारबीच यस लघुकथा सङ्ग्रहले एउटा सम्बन्ध सेतुको निर्माण गर्न यो सङ्ग्रह सफल रहेको छ ।

# टोक्सिकोलोजी वा विषविज्ञान : १

स्वास्थ्य चर्चा

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

पाठकवृन्द गताङ्कसम्म मानसिक डिजार्डरको विवेचना सकियो । आजदेखि टोक्सिकोलोजी वा विषविज्ञान र खासखास विषको विवेचना हुनेछ । विषको उत्पत्ति, उत्पादन, प्रभाव तथा उपचारको वर्णन गर्ने विज्ञानलाई विषविज्ञान भनिन्छ । यसो त भनिन्छ कि हरेक औषधि विष हो र विष पनि औषधि हो । फरक केवल मात्राको हुन्छ । यो सम्पूर्ण संसार नै केवल नियम र मात्राको खेल हो । नियमबाट बेनियम भइयो भने विपत्ति निश्चित छ । त्यस्तै, कुनै पनि कुराको मात्रामा तलमाथि भयो भने गडबडी निश्चित छ । उदाहरणको लागि बार्बिचुरेट मानसिक बिमारीको औषधि हो तर त्यसको महीनाभरिको खुराक एकैचोटि खाएर आत्महत्या पनि गरिएको देखिएको छ । आर्सेनिक एक शक्तिशाली विष हो तर त्यसको अत्यल्प मात्रा शरीरको लागि आवश्यक तत्त्व पनि हो । तर यहाँ विवेचना गर्ने कुरा औषधिको होइन केवल विष र विषाक्त प्रभावको मात्र हुनेछ, जसको प्रयोग हत्या, आत्महत्याको लागि र दुर्घटना आदि स्वरूपमा हुन्छ । हामीले पढेका छौं कि परापूर्वकालमा राजाहरूले विषकन्यालाई पालेर राख्थे, जो अर्को शत्रु राजा वा अधिकारीलाई मार्न उपयोगमा आउँथे ।

आज पनि पुटिनले नभाल्नीको हत्या न्युरोजेनिक विष दिएर गर्ने प्रयास गरेका थिए तर विदेशमा उपचार पछि उनी बाँचे पनि कारागारमा मरे । दिनहुँ हामी पढछौं कि फलानाले पारिवारिक कलहबाट आजित भएर डाल्फ वा मेटासिड खाएर मरे अथवा फलाना केटी वा केटा प्रेममा असफल भएपछि विष खाएर आत्महत्या गरे । अतः विषको बारेमा जान्नु, उसको प्रभावको बारेमा जान्नु नितान्त आवश्यक छ ताकि त्यसबाट बच्न उचित उपाय अपनाउन सकियोस् । आज तिनै विषको समग्र सामूहिक सामान्य विवेचना हुनेछ र पछि केही खासखास र महत्त्वपूर्ण विषका अलगअलग विवेचना गरी यो अध्याय सकिनेछ । विष त्यो पदार्थ हो, जसलाई मुखबाट, सुईबाट, सास वा छालाबाट शरीरभित्र प्रवेश गराएपछि अचानक वा क्रोनिकरूपले शरीरको सामान्य क्रियामा भारी गडबडी पैदा भई मृत्युसमेतको कारण बन्छ । विषले विश्वमा हरेक वर्ष लगभग दुई लाख ५० हजार मानिस मर्छन् । भारतमा यो सङ्ख्या प्रतिवर्ष २८ हजार छ । सामान्यतः विषाक्तताको घटना कीटनाशक, घरेलु केमिकल, मटीतेल र चिकित्सकले लेखिदिएका औषधिले हुने गर्छ । कहिलेकाहीं बच्चाले नजानेर मटीतेल खाएको घटना सुनिन्छ । भारत, नेपाल, श्रीलङ्का, इन्डोनेशिया आदि देशमा खेतीपातीमा प्रयोग हुने कीटनाशकको आत्महत्यामा बढी प्रयोग भएको रिपोर्ट आउँछ । यसमा कुनै केमिकल यस्ता पनि छन्, जसको उपचार नै छैन जसरी सल्फास । विषलाई तीन भागमा बाँडिन्छः १. कोरोसिभ जसमा बलियो एसिड र बलियो अल्कली आउँछ २. इरिटेटिभ अथवा जलन पैदा गर्ने विषः जुन तीन प्रकारको हुन्छः इनअर्गेनिक वा अकार्बनिक, अर्गेनिक वा कार्बनिक तथा मेकानिकल । पहिलोमा ननमेटालिकमा फस्फोरस, क्लोरिन, ब्रोमाइड र आयोडिन तथा मेटालिकमा आर्सेनिक, एन्टिमनी, मर्करी, कपर, लिड, जिङ्क, सिल्भर आदि आउँछन । दोस्रोमाः भेजिटेबलमा कास्टर आयल, कटन आयल, मदार आदि, एनिमलमा कैन्थराइड, स्नेक, इनसेक्ट बाइट आदि आउँछन र मेकानिकलमा डायमन्ड डस्ट, पाउडर्ड ग्लास आदि आउँछन् । २. सिस्टमेटिक जसमा छन्ः स्नायुमा प्रभाव पार्नेः जसमा सोम्निफेरसमा अफीम र त्यसको अल्केल्वाइड तथा बार्बिचुरेट्स, इनएबिरिएन्टमा अल्कोहल, इथर र क्लोरोफार्म, डिलिरिएन्टमा धतुरो, बेलाडोना, हायोसिमस र कानाबिस इन्डिका छन् । त्यस्तै, दोस्रोमा जो स्पाइनल कर्डमा असर पार्छः जसमा नक्सभोमिका आदि । ३. जसले बाहिरी स्नायुमा प्रभाव पार्छ, जसमा छन्ः क्युरारे र क्रोनियम । ४. जसले हृदयमा र रक्तवाहिनीहरूमा प्रभाव पार्छः जसमा छन्ः एकोनाइट, डिजिटलिस, ओलिएन्डर, टोबैको, हायोसायनिक एसिड आदि । ५. जो फोक्सोमा असर गर्छ, जसलाई एसफिक्सिएन्ट पनि भनिन्छः यसमा आउँछन्, कार्बनडाइअक्साइड, कार्बनमोनोक्साइड, कोलग्याँस आदि ।

अब विष शरीरमा कसरी प्रवेश गर्छ, त्यसको विवेचना गरौं । शरीरमा १० वटा द्वार हुन्छन् : मुख १, नाक २, कान २, आँखा २, गुदा १, मूत्रमार्ग १ र योनीमार्ग १ । कुनै विषलाई शरीर भित्र पुर्‍याउनलाई यी १० द्वार त छँदैछन् तर यस अतिरिक्त छालामा घोपेर पनि पठाउन सकिन्छ । जबदेखि बिमारीलाई ठीक पार्नको लागि सुईबाट औषधि दिन थालियो, त्यसै दिन विषलाई पनि त्यही सुईबाट शरीरभित्र पठाउने काम पनि शुरू भयो । हामीलाई थाहा छ कि सिस्नोको पात छालामा छोइयो कि छाला पोल्न थाल्छ । यस्तो काम कसैलाई जिस्काउनको लागि प्रयोग गरिन्छ । योनीबाट गर्भपात गराउने औषधि पनि र विष पनि दिन सकिन्छ । गुदाबाट एनिमाको रूपमा विष दिन सकिन्छ । हत्या वा आत्महत्याको लागि मुख वा सुईबाट नै विष लिनेदिने चलन छ । दुर्घटना वा जानीजानी पनि ग्याँस वा मटीतेलको प्रयोगले मान्छे मर्छ । कोठा थुनी कोइला बाली सुतेको र मरेको अक्सर हामी सुन्छौं । जानीजानी हिटलरले ग्याँस चेम्बरमा यहुदीहरूलाई मारेको जगजाहेर नै छ । विष शरीरभित्र गएर ज्यूँका त्यूँ रहन्छ अथवा त्यसको जैविक टुटफुट हुन्छ, जुन शरीरको मेटाबोलिज्मको सामान्य प्रक्रिया हो । तबसम्म विषले आफ्नो विषाक्त असर गरिसकेको हुन्छ । टुटफुट भएपछि जुन रसायन बन्छ, त्यो पनि या त विषाक्त नै हुन्छ अथवा निरापद पनि हुन सक्छ । यसरी भित्र पसेको विष ज्यूँका त्यूँ वा बदलिएर दिसापिसाब, छाला वा ऱ्यालबाट वाहिर निस्किन्छ । ऱ्यालबाट निस्कने विष फेरि पेटमा पुग्छ र पुनः विषाक्तता पैदा गर्छ र बाँकी फेरि दिसापिसाबबाट बाहिर निस्किन्छ ।

विषको प्रभावलाई चार भागमा बाँडिन्छः लोकल वा स्थानीय, रिमोट वा दूरस्थ, सिस्टमेटिक वा प्रणालीगत र जेनेरल वा सम्पूर्ण शरीरमा देखिने प्रभाव । उदाहरणको लागि साँपले टोकेकोलाई लिन सकिन्छ । त्यसमा स्थानीय प्रभावमा टोकेको ठाउँमा काटेको निसान देखिन्छ, त्यहाँबाट रगत आएको देखिन्छ । त्यहाँ दुखाइ महसूस हुन्छ । यो भयो स्थानीय प्रभाव । फेरि त्यो विष कलेजोमा पुगेर त्यहाँ नोक्सान गर्छ । यो भयो दूरस्थ प्रभाव । फेरि मुटु र दिमागमा पुग्छ, जो क्रमशः रक्तसञ्चार र स्नायु प्रणाली हुन् । त्यहाँ विषले पार्ने प्रभाव प्रणालीगत प्रभाव भयो । फेरि त्यस विषको प्रभाव शरीरले विभिन्न लक्षणको रूपमा परिलक्षित गर्छ । यो भयो जेनरल वा सामान्य प्रभाव । तर विषको प्रभावलाई बढाइदिने र कम गरिदिने कारक पनि हुन्छ, जसको सङ्ख्या छ चारः ती हुन् विषको मात्रा, विषको रूप, विष प्रवेश गर्ने बाटो जसरी मुख वा नसा आदि तथा शरीरको स्वास्थ्यको अवस्था । यो बिल्कुल स्वाभाविक कुरा हो कि विषको मात्रा जति बढी हुन्छ, त्यति बढी नै उसको प्रभाव पनि हुन्छ र मृत्यु पनि छिटो हुन्छ । कति रोचक छ कि तामा, निकेल, आर्सेनिक आदि विष भएपनि हाम्रो शरीरको लागि अत्यल्प मात्रामा आवश्यक पनि छ । अतः फरक केवल मात्राको नै त छ । तर विषको बढी मात्रा बान्ताको कारण बन्छ र यसरी बान्ताबाट बाहिर फ्याँकिएर असर पनि कम हुने देखिएको छ । विषको रूपको मतलब हुन्छ कि विष ग्याँस, द्रव वा ठोस कुन रूपमा छ ? रासायनिक मिश्रण वा भौतिक मिश्रण कुन रूपमा छ ? ग्याँसको रूपमा रहेको विषको असर द्रव्यको रूपमा भएकोभन्दा बढी र द्रव्यको रूपमा रहेकोले ठोस रूपभन्दा बढी हुन्छ । त्यस्तै, रासायनिक मिश्रण कस्तो छ ? सिल्भर नाइट्रेट र हाइड्रोक्लोरिक एसिड अलगअलग विष हुन् । तर दुवैलाई मिलाइयो भने सिल्भरक्लोराइड नामक ठोस साल्ट अथवा नून बन्छ, जुन विषरहित हुन्छ । त्यस्तै, बेरियम र सल्फ्युरिक एसिड बेग्लाबेग्लै विष हुन् तर मिलाइएपछि बेरियम सल्फेट नामक निरापद र विषहीन बन्छ । त्यस्तै, कतिपय विष पानीमा घुल्दैन तर पेटमा गएपछि हाइड्रोक्लोरिक एसिडसँग घुलेर जान्छ र अवशोषित भएर विषैला प्रभाव दिन्छ । जसरी लिड, केडमियम र निकेल आदि । त्यस्तै, भौतिक मिश्रण विषलाई कुनै निरापद द्रव्यसँग मिलेको कुरा हो । उदाहरणको लागि कम मात्राको पनि मिनरल कोरोसिभ एक्सनले नोक्सान गर्छ तर त्यसैलाई बढी मात्रामा पानीमा मिलाइयो भने पनि नोक्सान गर्दैन । त्यस्तै,




आर्सेनिकलाई पानीमा मिलाइयो त्यो पिंधमा बस्छ र केवल पानी मात्र खान पुगिन्छ । त्यसैले आर्सेनिकलाई कसैको हत्या गर्ने उद्देश्यमा त्यसलाई दूध, कफी, चिया र कोकमा मिलाएर दिइन्छ । अब कुन बाटोबाट विष दिइएको छ, त्यसमा पनि विषको प्रभाव निर्भर गर्छ । ग्याँसको रूपमा भित्र गएको विष धेरै बढी र शीघ्र असर गर्छ । त्यसपछि क्रमशः नसा, मांसपेशी र मुखबाट दिएको विषको असरको नम्बर आउँछ । विष छालामुनि अर्थात् सबक्युटेनियस दिइयो भने ग्याँसबाहेक उपरोक्तभन्दा पनि छिटो असर गर्छ । गुदाबाट दिइयो भने मुखबाट भन्दा असर ढिलो हुन्छ किनभने पेट र सानो आन्द्राभन्दा ठूलो आन्द्रा र गुदामा अवशोषण कम हुन्छ । यसको अतिरिक्त कुनै कुनै विष खासखास माध्यमले मात्र असरदार हुन्छ । उदाहरणको लागि साँपको विषलाई खाइयो भने केही हुँदैन तर काटिएको ठाउँमा राखियो भने मृत्यु हुन्छ । त्यसैले साँपले टोकेर घाउ बनाउँछ र त्यसमा विष छोड्छ । खाली पेटमा पनि विषको असर बढी हुन्छ । शरीरको अवस्था र स्वास्थ्यको अवस्थामा पनि विषको प्रभाव निर्भर गर्छ, जसको व्याख्या निम्न बुँदामा गरिन्छः उमेर, हाइपरसेन्सिबिलिटी, जिनेटिक, आदत, सहनशक्ति र निर्भरता, औषधिको आपसी अन्तर्क्रिया, स्वास्थ्यको अवस्था र निद्राको अवस्था । कुनै पनि विषको प्रभाव बालक वा वृद्धमा बढी हुन्छ किनभने बालक र वृद्धमा विषलाई तोडेर त्यसलाई बाहिर निकालिदिने प्रक्रिया कमजोर हुन्छ । त्यस्तै, कोही मानिस कुनै पदार्थबाट बढी संवेदनशील हुन्छ, जसलाई हाइपरसेन्सिभिटी वा एलर्जी भनिन्छ, जसमा त्यस पदार्थको कम मात्राले पनि विषसरह काम गर्छ । मेरो एकजना भान्जाले एउटा केरा खाए पनि उसको पूरै शरीर नै फुलेर आउँथ्यो । त्यस्तोलाई मार्न कुनै विषको जरूरत नै पर्दैन । केरा मात्र दिए पुग्छ । त्यस्तै, कुनै मानिसको जीनको बनावट नै यस्तो हुन्छ कि विषले त्यो बढी प्रभावित हुन्छ । इडियोसिन्क्रेसीको मतलब हुन्छ बढी प्रभाव देखाउने । कसैकसैको थ्रेसहोल्ड नै यति कम हुन्छ कि उसले अलिकति पनि दुखाइ सहन सक्दैन जबकि अर्कोमा त्यति दुखाइ केही माने नै राख्दैन ।

यही कुरा विषबारेमा पनि त्यस मानिसमा लागू हुन्छ । कोही कोही कम मात्राको विषमा नै मर्छ जबकि अन्यमा बढी मात्रा चाहिन्छ । त्यस्तै, विषको असर आदत, सहनशक्ति र निर्भरतामा पनि निर्भर हुन्छ । बच्चाले अफीमलाई पचाउन सक्दैन तर वयस्कले आदतले बढीभन्दा बढी अफीम पचाइदिन्छ र यसलाई बढी मात्रा चाहिएको हुन्छ । यो मात्रा बढ्ने कुरा सहनशक्तिले हुन्छ । अब त्यही मात्राको विषले काम गर्दैन । विषकन्यालाई सर्पले टोकाउँदा टोकाउँदा विषले त्यसलाई रेसिस्टेन्ट पारिदिइएको हुन्छ । त्यही विषकन्याले अरूलाई टोक्छे, तब त्यो मानिस मर्छ । निर्भरतासँग को परिचित छैन होला ? खैनी, चुरोट खाने मानिसलाई यो कुरा राम्ररी थाहा हुन्छ । यो कुरा विषको विषयमा पनि सही छ । यदि कसैलाई अफीमको लत छ भने अफीमले त्यसलाई मार्न सकिंदैन । औषधिको अन्तर्क्रियाको मतलब हुन्छ कि जब कुनै औषधि वा विषले आपसमा प्रतिक्रिया गरी अर्काको असरलाई बढाइदिन्छ । भनिन्छ कि मेट्रोनिडाजोल खाएर अल्कोहल लिनुहुँदैन । मेट्रोनिडाजोलले अल्कोहलको एक्सनलाई बढाइ विष बनाइदिन्छ । गाउँघरमा पनि यो भनिन्छ कि घ्यू, चिनी र मह मिलाएर कदापि खानुहुँदैन किनभने त्यो विष बन्छ । स्वास्थ्यको अवस्थाको बारेमा यो सर्वविदित तथ्य हो कि साउन्ड हेल्थभन्दा कमजोर, पिलन्धरे स्वास्थ्यमा विषको असर बढी हुन्छ नै । उसमा स्वाभाविकरूपले विषलाई सहने क्षमता हुँदैन । त्यस्तै छ निद्राको अवस्था । निद्राले कतिपय रोगलाई निको पारिदिन्छ र विषको असर कम पार्ने कुरा पनि त्यसमा आउँछ । निद्रामा आन्द्राको चाल पनि कम हुन्छ र यसरी परोक्षरूपले पनि निद्राले विषको असर कम गर्छ । क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## जर्मनीमा आइटी विशेषज्ञको अभाव

बर्लिन, ३० चैत/सिन्ह्वा

नीति निर्माताहरूले उचित प्रतिकार्य उपायहरू नगरे जर्मनीको सूचना प्रविधि (आइटी) क्षेत्रमा दक्ष कामदारको अभाव सन् २०४० सम्ममा चार गुणा बढेर छ लाख ६३ हजार पुग्ने उद्योग सङ्घ 'बिटकम' (बिटकम जर्मनीको डिजिटल सङ्घ)ले बिहीवार चेतावनी दिएको छ।

बिटकमका अनुसार पछिल्लो पाँच वर्षमा सूचना प्रविधि क्षेत्रमा दक्ष कामदारको अभाव उल्लेख्यरूपमा बढेको छ भने अघिल्लो वर्ष झन्डै एक लाख ४९ हजार रोजगार रिक्त रहेका छन्।

यो सङ्ख्या पाँच वर्षअघिको तथ्याङ्कको तुलनामा झन्डै दोब्बरले बढेको छ र विद्यालय, प्रशासन र वैज्ञानिक संस्थासहित विभिन्न संस्थामा आइटी–केन्द्रित धेरै पद खाली छन्।

बिटकमका अध्यक्ष राल्फ विन्टरगर्स्टले भने, "आइटी विशेषज्ञहरूको अभावले जर्मनीको डिजिटल भविष्यलाई खतरामा पार्न सक्छ।"

उक्त सङ्घको प्रतिवेदनले सन् २०४० सम्ममा देशमा तीन लाख २१ हजार



तस्वीरः एजेन्सी

आइटी विज्ञको परिपूर्ति गर्ने उद्देश्यले विदेशबाट दक्ष कामदारको भर्ती बढाउन सुझाव दिएको छ।

जर्मनीमा बुढ्यौली समाजले गर्दा दक्ष कामदारको अभावलाई बढाएको छ र यो विभिन्न पेशामा फैलिएको छ। सन् २०२३ मा सरकारले विदेशबाट दक्ष कामदारहरूको भर्ती गर्न व्यापक उपायका साथ नयाँ कानून पारित गऱ्यो। यसमा रोजगार अध्यागमनका लागि कम तलब आवश्यकता, छिटो प्रक्रिया र प्रतिभाशाली र अनुभवी विशेषज्ञहरूका लागि श्रम बजारमा सजिलो पहुँच समावेश गरिएको छ।

जर्मनीका श्रममन्त्री हचुबर्ट्स हेलले भने, "देशलाई आफ्नो अर्थव्यवस्थामा पर्याप्त दक्ष कामदारहरू सुनिश्चित गर्न सम्भव भएसम्म मदत चाहिन्छ र यस्ता मानिसहरूको अभाव वृद्धिमा विराम बन्नुहुँदैन।" रासस

## लुटपाटको प्रतिरोध गर्दा १९ जनाको मृत्यु, ५५ घाइते

कराँची (पाकिस्तान), ३० चैत/एएनआई

रमजान २०२४ को समयमा पाकिस्तानको कराँचीमा आपराधिक घटना बढेको छ। रमजानको समयमा लुटपाटको प्रतिरोधमा १९ जनाको मृत्यु हुनुका साथै ५५ जना घाइते भएका एआरवाई न्यूजले जनाएको छ। लुटपाटको प्रयासमा कराँचीमा १९ जना नागरिकको मृत्युका लागि सशस्त्र लुटेराहरू जिम्मेवार रहेका एक प्रहरी अधिकारीले बताएका छन्।

यस वर्ष कराँचीमा लुटपाटसम्बन्धी घटनामा ५६ जनाको मृत्यु भएको छ भने दुई सयभन्दा बढी घाइते भएका छन्। गत वर्षको समान अवधिमा डकैतीविरुद्धको प्रतिरोधमा २५ जनाको मृत्यु भएको थियो भने ११० जना घाइते भएका थिए। सन् २०२३ को समान परिस्थितिमा १०८ जनाको मृत्यु र ४६९ जना घाइते भएका तथ्याङ्क छ।

कराँची प्रहरीको यस वर्ष लुटेराहरूसँग ४२५ मुठभेड हुँदा ५५ जना लुटेरा मारिएका र ४३९ जना घाइते भएका छन्। नागरिक–प्रहरी सम्पर्क समिति (सिपिएलसी)को एक प्रतिवेदन अनुसार सन् २०२४ को पहिलो तीन महीनामा २२ हजार ६२७ अपराध दर्ता भएका थिए। यसमा ५९ जनाको मृत्यु र लुटपाटको प्रतिरोधमा सात सयजनालाई चोट लागेको थियो।

यसका अतिरिक्त यस अवधिमा ३७३ कार, १५ हजार ९६८ मोटरसाइकल र छ हजार १०२ मोबाइल फोन चोरी वा लुटपाट भएको सूचना प्राप्त भएको छ। एआरवाई न्यूजका अनुसार सिपिएलसीको प्रतिवेदनमा कराँचीमा २५ वटा जबरजस्ती असुलीका घटना र फिरौतीका लागि पाँचवटा अपहरणका घटना पनि रेकर्ड गरिएका छन्।

कराँचीका प्रहरी प्रमुख अतिरिक्त महानिरीक्षक इमरान याकुबले अपराधको ठूलो हिस्सामा भित्री सिन्ध र बलुचिस्तानका सहित बाहिरी व्यक्ति संलग्न रहेको बताए। उनले रमजान र ईद–उल–फित्रको समयमा कराँचीमा करीब चार लाख 'पेशेवर' भिकारी र आपराधिक तत्त्व भेला हुने गरेको जानकारी दिए। रासस

## चीनमा बाक्लो कुहिरोको नयाँ चेतावनी जारी

बेइजिङ, ३० चैत/सिन्ह्वा

चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले शुक्रवार देशका केही भागमा घना कुहिरोको चेतावनी नवीकरण गरेको छ।

केन्द्रका अनुसार शुक्रवार बाक्लो कुहिरोले पीत सागरका केही भाग र सान्डोङ प्रायद्वीपको तटीय पानी साथै हेनान, हुबेई, हुनान र चोङकिङलगायत प्रान्तीयस्तरका क्षेत्रका केही भाग ढाक्ने अनुमान गरिएको छ। केन्द्रका अनुसार



तस्वीरः एजेन्सी

केही प्रभावित क्षेत्रमा दृश्यता एक किलोमिटरभन्दा कममा झर्नेछ। डुङ्गा चलाउने र अन्य सञ्चालनमा संलग्न जहाजहरूलाई सुरक्षित नेभिगेशन सुनिश्चित गर्न तिनीहरूको निगरानीलाई बलियो बनाउन र आफ्नो गतिलाई नियन्त्रित गर्न तथा उचित दूरी कायम गर्न सुझाव दिइएको छ।

चीनमा बाक्लो कुहिरोका लागि तीनस्तरको रङ–कोड गरिएको चेतावनी प्रणाली रहेको छ। यसमा रातो सबैभन्दा गम्भीर चेतावनी हो। त्यसपछि सुन्तला र पहेंलो चेतावनी रहेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – राज्यलाभ |
| मिथुन – राज्यभय | कर्कट – रोगभय |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुभय |
| तुला – कार्यनाश | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – कान्तिक्षय |
| कुम्भ – सुयश | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



नयाँ वर्ष २०८१ को अवसरमा वीरगंजको पुरानो बसपार्क आदर्शनगरमा शुक्रवार आयोजित रात्रिमेलामा सहभागीहरू। तस्बिरः हिमाल लम्साल/रासस

## सुरक्षित आप्रवासनको आयोजनामा अन्तर्क्रिया

प्रस, रौतहट, ३० चैत/

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत शुक्रवार नेपाल पत्रकार महासङ्घ रौतहटका पत्रकारहरूसँग अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका संयोजक विनयकुमार साहले विभिन्न देशका जेलमा रहेका नेपाली तथा वैदेशिक रोजगारका क्रममा मृत्यु तथा अङ्गभङ्ग भएका नेपालीहरूको तथ्याङ्क प्रस्तुत गरे। उनले वैदेशिक रोजगारबाट वार्षिक विप्रेषण, आप्रवासी स्रोत केन्द्रको सेवाग्राहीको विवरण, श्रम स्वीकृत लिएका व्यक्तिको विवरण, वैदेशिक रोजगारलाई सुरक्षित एवं व्यवस्थित बनाउने मुख्य पाँचवटा कार्यबारेमा पत्रकारहरूलाई जानकारी गराएका थिए।

कार्यक्रममा सहभागीहरूले गाउँघरमा एजेन्टहरूले प्रलोभनमा पारेर वैदेशिक रोजगारमा जानेहरूलाई ठगी गरिरहेको बारेमा अवगत गराएका थिए। वैदेशिक रोजगारमा जानेहरूले सरकारी मान्यताप्राप्त वैदेशिक रोजगारमा पठाउने कम्पनीहरूमार्फत वैध बाटोबाट जान सुझाइएको थियो। कार्यक्रममा अवैध बाटो, गैरकानूनी तरीकाबाट जाने धेरैजना ठगिएका, मरेका र अलपत्र परेका जानकारी गराइएको थियो।

कार्यक्रम नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाको अध्यक्षतामा भएको थियो।

## रक्सौलबाट नेपाली नाबालिकाको उद्धार, खान पक्राउ

प्रस, वीरगंज, ३० चैत/

मानव बेचबिखन नियन्त्रण एकाइ (क्षेत्र मुख्यालय) बेतिया कार्यालय ४७औं वाहिनी सशस्त्र सीमा बल रक्सौल पूर्वी चम्पारण बिहारले मिशन निर्भया अन्तर्गत एकजना नेपाली नाबालिकाको उद्धार गरेको छ।

रक्सौल–वीरगंज मितेरीपुलबाट एसएसबीले एकजना नेपाली नाबालिकाको उद्धार गर्दै निजलाई ललाइफकाइ भारत लैजान लागेको कसूरमा मन्जुर आलम खानलाई पक्राउ गरेको जनाएको छ। इन्स्पेक्टर मनोज शर्मालाई आएको सूचनाका आधारमा हवलदार अरविन्द द्विवेदीको टोलीले मितेरीपुलबाट नाबालिकाको उद्धार गर्दै खानलाई पक्राउ गरेको बताइएको छ।

एसएसबीले दोभाषेका लागि माइती नेपाल वीरगंजकी अनिशा गौतम र सीता क्षत्रीको सहयोग लिएको र सोधपूछमा नाबालिकाले खानले बारम्बार आफूलाई फोन र सामाजिक सञ्जालबाट मित्रताको लागि आग्रह गरेको र पछि लामो समयमा आफ्नो मित्रता शुरू भएको बताएकी छन्। नाबालिकाले आफूसँग बिहे गर्ने भनेर खानले भारत लान लागेको बताएकी छन्। एसएसबीले भने खानको पहिलो बिहे भएर पारपाचुके भएको र सुनौना भन्ने दोस्रो विवाहको लागि तयारी गरिरहेको अवस्थामा नेपाली नाबालिकालाई फसाएको अनुसन्धानबाट देखिएको दाबी गरेको छ।

एसएसबीले खानको वैवाहिक कुराका बारेमा नाबालिका अनभिज्ञ रहेको बताएको छ। नाबालिकाका अभिभावकले पनि एसएसबीलाई फोनबाट खोजी गर्न र भारत जान रोक लगाउन आग्रह गरेको इन्स्पेक्टर शर्माले बताए।

## पर्सा प्रहरीद्वारा एक महीनामा छ करोडको सामान बरामद

प्रस, वीरगंज, ३० चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले चैत महीनामा करीब छ करोड बराबरको चोरी पैठारीका सामानहरू बरामद गरी राजस्व अनुसन्धान कार्यालय, पथलैया र वीरगंज भन्सार कार्यालय चलान गरेको छ। जिप्रका, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले चैत १ देखि ३० गतेसम्म पाँच करोड ८७ लाख ३६ हजार बराबरको भन्सार छलीका सामानहरू बरामद गरेर सम्बन्धित कार्यालयमा चलान गरिएको बताए।

उनले मातहतका विभिन्न कार्यालयहरूबाट भन्सार छली, बिलबीजकभन्दा बढीका सामानहरू बरामद गरिएको जानकारी गराए। प्रवक्ता थापाले यस अवधिमा रु एक करोड २३ लाख ४६ हजार बराबरको लत्ताकपडा, रु एक करोड १० लाख ८७ हजार बराबरको सवारीसाधनका पार्टपुर्जा, रु दुई करोड १० लाख ७८ हजार बराबरको विद्युतीय सामग्रीहरू र रु एक करोड ४२ लाख २३ हजार बराबरको किराना तथा खाद्यान्न मालवस्तुहरू बरामद भएको तथा ती बरामद सामानहरू आवश्यक कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया र वीरगंज भन्सार कार्यालय चलान गरिएको बताए।

## तीनवटा वडामा तीन महीने तालीम

## राम्ररी सिक्नु, राम्ररी सिकाउनु –नगरप्रमुख चौहान

प्रस, पोखरिया, ३० चैत/

पोखरिया नगरपालिका–७, ८ र ९ मा शुक्रवारदेखि महिलाहरूका लागि तीन महीने सिलाइकटाइ तालीम शुरू भएको छ।

नेपाल राष्ट्रिय योजना आयोग र पोखरिया नगरपालिकाको सहयोगमा कम्युनिटी डेभलपमेन्ट सेन्टर प्रालि वीरगंजद्वारा आयोजित पोनपा–९ शिवबर्वाको तालीमको उद्घाटन नगरप्रमुख प्रद्युम्न चौहानले गरेका थिए। उनले सीपको अभावमा महिलाहरू रोजगारविहीन बसेकाले सीप सिकाएर स्वरोजगार बनाउने अभिप्रायले तालीम आयोजना गरिएको बताए।

उनले तालीम लिने तर सिकाइको प्रयोग भने नगर्ने प्रवृत्ति बढेको भन्दै त्यसो नगर्न सचेत गरे। लगानी खेर जाने काम गर्नुभएन, सीप सिक्ने र सोअनुरूपको रोजगार गरेको खण्डमा आर्थिक उपार्जन गर्न सकिने बताए।

उनले तालीम अवधिभर टिकाउ रहने र नबुझे, नजानेका कुरा लाज नमानी प्रशिक्षकसँग सोध्न सुझाए। उनले प्रशिक्षकहरूलाई पनि सीप अनुसारको तालीम लिएर रोजगारतर्फ आकर्षित नहुनु



तस्वीरः प्रतीक

प्रशिक्षकहरूको कमी देखिएको भन्दै सहभागीलाई फाइदा पुग्नेगरी तालीम दिन आग्रह गरे। जसरी शिक्षकले पढाएको विषयमा विद्यार्थीहरू फेल हुँदा शिक्षक पनि दोषको भागी हुन्छन्, त्यसरी नै प्रशिक्षकहरू पनि भागीदारी हुनुपर्ने बताए। उनले झारा टार्ने गरी सहभागी र प्रशिक्षक दुवैलाई प्रस्तुत नहुन आग्रह पनि गरे। वडा सदस्य फुलेना चौहानको अध्यक्षतामा भएको उद्घाटन सत्रमा सामाजिक शाखा प्रमुख वाल्मीकि साह, वडा सदस्य रोशन कुशवाहा, उमा देवी, सहायक सचिव भगवान साह, राजेश चौहान, प्रदीप चौरसियालगायतको सहभागिता थियो। महिलाहरूको लागि तीन महीने तालीम आजदेखि वडा नं ७ र ८ मा पनि शुरू भएको आयोजक कम्युनिटी डेभलपमेन्ट सेन्टर प्रालिले जनाएको छ।

**संशोधन** (गत शनिवारको बैधनाथ श्रमजीवीको लेख '२३ मार्च : अन्तर्राष्ट्रिय नास्तिक दिवस...' मा कुन देशमा कति नास्तिक छन् भन्ने परिच्छेदमा सङ्ख्या प्रतिशतमा हुनुपर्नेमा ५ हुन गएको छ –सम्पादक)



**ताडीको स्वाद चाखौं है:** बढ्दो गर्मीसँगै ताडीको बिक्री बढ्दो छ। ताजा ताडीको सीमित सेवनले पेटको गर्मी शान्त पार्छ भन्ने यसका पारखीहरूको भनाइ छ। तस्वीर: जीतलाल श्रेष्ठ/प्रतीक

# धर्ममाथि प्रहारको विरोधमा मुस्लिम समुदायको प्रदर्शन

प्रस, वीरगंज, ३० चैत/

सामाजिक सञ्जालमार्फत सर्वोच्च अदालतका बहालवाला न्यायाधीश कमलनारायण दासले मुस्लिम धर्मावलम्बीहरूको आस्थामा प्रहार गरी लेखिएको पोस्टको विरोधमा शुक्रवार वीरगंज महानगरका मुस्लिम समुदायले जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्।

वीरगंज महानगरका मुस्लिम समुदायले आज जिप्रकामा दिउँसो २ देखि ३:३० बजेसम्म धर्ना, प्रदर्शन गर्दै जिप्रकामार्फत प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको आबिद अन्सारीले बताए। आज मुस्लिम समुदायले जुम्माको नमाज सकाएर जिप्रका, पर्सामा भेला भएका थिए। जुम्माको नमाज पढ्न गएकाहरूलाई जिप्रका, पर्सामा भेला हुन सूचना गरिएको थियो। इस्लाम धर्मका प्रवर्तकलाई बहालवाला न्यायाधीश कमलनारायण दासको नामबाट सामाजिक सञ्जालमा गरिएको पोस्ट आपत्तिजनक रहेको भन्दै सोबारेमा अनुसन्धान गरी आवश्यक कारबाही गर्न माग गरिएको छ।





सामाजिक सञ्जालमा आएको यो पोस्टको विरुद्धमा मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले पनि विज्ञप्ति जारी गर्दै कारबाहीको माग गरेका छन्। उनले संविधानमा भएको धार्मिक स्वतन्त्रताको बर्खिलाफ, धर्मनिरपेक्षतामाथि पनि प्रहार भएको भन्दै इस्लाम धर्मका प्रवर्तकका बारेमा धार्मिक आस्थामा खलल पुऱ्याउने कार्य गरिएको भन्दै अनुसन्धान गरी कारबाही गर्न माग गरेका छन्।

आबिद अन्सारीले सामाजिक सञ्जालमा न्यायाधीश दासको नाममा तीनवटा अकाउन्ट रहेको र सोमध्ये एउटामा यस प्रकारको पोस्ट गरिएको बताएका छन्। आरोपित न्यायाधीश दासले भने यसबारेमा आफ्नो कुनै आधिकारिक भनाइ सार्वजनिक गरेका छैनन्।

# अभिलेख तथा लेखासम्बन्धी तालीम सम्पन्न

प्रस, निजगढ, ३० चैत/

उपभोक्ता समूहहरूका लागि अभिलेख तथा लेखा व्यवस्थापनसम्बन्धी दुई दिने तालीम निजगढमा शुक्रवार सम्पन्न भएको छ।

जतिसुकै इमानदारीपूर्वक संस्थाहरूको काममा सक्रिय रहे पनि उचित समयमा हिसाबकिताबको अभिलेख लेखा व्यवस्थापनको पद्धति अनुसार राख्न नसक्दा कानूनी प्रश्न उठ्न सक्ने भन्दै विधिलाई अङ्गीकार गर्न मधेस प्रदेशका कोष तथा लेखा नियन्त्रक एवं प्रशिक्षक श्यामउदय ठाकुरले तालीममा सहभागीहरूलाई बताए।

सङ्घसंस्थाहरूले कागजी, डिटिजल



तस्वीर: प्रतीक

अभिलेख वा लेखासम्बन्धी कार्यलाई लेखाको विधि अनुसार उचित समयमा नराख्दा प्रमाण बलियो नहुने बताए। उनले सैद्धान्तिक बेरुजू, लगती बेरुजू, पेश्की फछ्र्यौट, भरपाई कसरी लेख्ने, गोश्वारा भौचर कसरी भर्ने, फाइलिङ कसरी राख्ने जस्ता अभिलेख तथा लेखा व्यवस्थापनसम्बन्धी विविध विषयमा सहभागीहरूलाई प्रस्ट पारेका थिए।

उनले यदि कसैमाथि लगती बेरुजू रहेको खण्डमा सात पुस्ताले पनि सो बेरुजू फछ्र्यौट गर्नुपर्ने कानूनी व्यवस्था रहेको र यसको अरू कुनै विकल्प नभएको बताए।

अर्का प्रशिक्षक रेन्जर नीरज पोखरेल र शाखा अधिकृत बुनीप्रसाद यादवले कुनै कार्यालयहरूबाट वन समूहमा आएका चिठीपत्रलाई कसरी फाइलिङ गर्ने, आवश्यकता अनुसार त्यसको प्रतिउत्तर कसरी दिनेलगायतका विविध विषयमा प्रशिक्षण दिएका थिए।

वन समूहको हिसाबकिताब दुरुस्त राख्न नसक्दा कतिपय वन समूहका पदाधिकारी, कर्मचारीहरूमाथि आर्थिक हिनामिना गरेको भन्दै कानूनी र नैतिक प्रश्न उठ्ने अनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, जिल्ला प्रशासन कार्यालय जस्ता नियमनकारी निकायहरूको निगरानीमा पर्ने गरेको भन्दै तालीमबाट चुरुस्तदुरुस्त अभिलेख तथा लेखा व्यवस्थापनसम्बन्धी ज्ञान हासिल हुने अपेक्षा लिएको डिभिजन वन कार्यालय, बाराका डिभिजनल वन अधिकृत विनोद सिंहले बताए।

तालीममा निजगढ, सिंगौल, लाल, रतनपुर, चकरीलगायतका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, वन समूहका कार्यालय सचिवलगायतको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | ॐ श्रीहनुमान वृद्धाश्रम | भूमिपूजन+शिलान्यास | तिलावे पुल छेउ | बिहान ९ बजे |



## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड थाहा नदिऊँ।
- साथीभाइ वा अन्यको तस्वीर तथा श्रव्यदृश्य खिच्नुअघि र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाउने ठाउँमा भेट्न नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, तस्वीर तथा श्रव्यदृश्य साझा नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा साझा नगरौं।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## मच्छिन्द्र जीतपुरसिमरा गोल्डकपको उपाधिनजीक

प्रस, सिमरा, ३० चैत/

जगदम्बा स्टील १४औं जीतपुरसिमरा गोल्डकपको फाइनलमा मच्छिन्द्र फूटबल क्लब प्रवेश गरेको छ। शुक्रवार राति सिमरा रङ्गशालामा भएको पहिलो सेमिफाइनलमा सिराहाको सलहेश युवा क्लबलाई २-० गोलअन्तरले पन्छाउँदै मच्छिन्द्रले





उपाधि भिडन्त पक्का गरेको हो। मच्छिन्द्रले अब उपाधिका लागि शनिवार एपिएफ र पुलिसबीच हुने खेलको विजेतासँग भिड्नेछ।

मच्छिन्द्रको जीतमा विमल घर्तीमगर र देवेन्द्र तामाङले एक/एक गोल गरे। मच्छिन्द्रले दुवै गोल खेलको पहिलो मध्यान्तरमै गरेको थियो। खेलको ३०औं मिनेटमा विमल घर्तीमगरको गोलमार्फत मच्छिन्द्रले अग्रता बनाएको थियो। पेनाल्टी बक्स बाहिरबाट छिरिङ गुरुङले दिएको पासलाई विमलले सिराहाको बक्सभित्र नियन्त्रणमा लिंदै शानदार गोल गरेका थिए। पहिलो मध्यान्तरको इन्जुरी समयमा देवेन्द्र तामाङले गोल गर्दै मच्छिन्द्रको अग्रता दोब्बर पारे। अभिषेक गुरुङको कर्नर बलमा देवेन्द्रले हेडिङमार्फत गोल गरेका थिए।

राष्ट्रिय टीमका अनुभवी खेलाडीसहित मैदानमा उत्रिएको मच्छिन्द्र सामु सिराहाका खेलाडी दबाबमा देखिन्थे। पहिलो मध्यान्तरमा मच्छिन्द्रविरुद्ध आक्रामक खेल खेले पनि मच्छिन्द्रको अग्रतापछि सिराहाका खेलाडी लयमा देखिएनन्। विमल घर्तीमगर, मनीष डाँगी जस्ता खेलाडीसहित सिमरा रङ्गशालामा उत्रिएको मच्छिन्द्र उच्च मनोबलमा देखिन्थ्यो।

पहिलो मध्यान्तरमै फराकिलो अग्रता बनाएको मच्छिन्द्रले दोस्रो मध्यान्तर पूर्ण नियन्त्रणमा राखेको थियो। सिराहाले दोस्रो मध्यान्तरमा आकर्षक अवसर बनाउन सकेन। जीतपुरसिमरा गोल्डकपमा पहिलोपटक सहभागी भएको प्रतियोगिताबाट बाहिरिंदा मच्छिन्द्र पहिलोपटक प्रतियोगिताको फाइनल पुगेको हो।

खेलको 'म्यान अफ दी म्याच' मच्छिन्द्रका विमल घर्तीमगर घोषित भए। उनलाई शुभारम्भ कलेजले ट्रफीसहित रु १० हजार प्रदान गऱ्यो। उनलाई जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारी र शुभारम्भ कलेजका निर्देशक डा राहुल झाले पुरस्कार प्रदान गरेका थिए।

प्रतियोगिता अन्तर्गत शनिवार दुई विभागीय टीम नेपाल पुलिस क्लब र एपिएफ फूटबल क्लबका बीच फाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ।

## एसिसी प्रिमियर कप : पहिलो खेलमा नेपाल विजयी

काठमाडौं, ३० चैत/रासस

एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिता अन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल विजयी भएको छ। नेपालले मलेशियालाई पाँच विकेटले पराजित गरेको हो।



ओमानको अल अमेरत क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको मलेशियाले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै नेपालसामु जीतका लागि १४४ रनको लक्ष्य प्रस्तुत गरेको थियो। सो विजयी लक्ष्य नेपालले १९ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो।

नेपालका लागि आसिफ शेखले ३२, कप्तान रोहितकुमार पौडेलले २८, कुशल भुर्तेलले २४, दीपेन्द्रसिंह ऐरीले २०, गुलशन झाले अविजित १९ तथा सन्दीप जोराले अविजित १२ रन बनाए।

बलिङतर्फ मलेशियाका कप्तान विरनदीप सिंहले तीन तथा पवनदीप सिंह र मोहमद वाफिकले एक/एक विकेट लिए।

यसअघि १४३ रनको योगफल बनाउने क्रममा मलेशियाका लागि कप्तान विरनदीप सिंहले सर्वाधिक ७२ रन बनाए। उनले ५७ बल खेल्ने क्रममा चार छक्का र चार चौका हाने। यस्तै, शिवम मुनिआन्डीले ३३ बलमा दुई छक्का र तीन चौकाको मदतमा ४१ रन जोडे। महम्मद आमिरले १८ बलमा १६ रन बनाए।

बलिङतर्फ नेपालका लागि दीपेन्द्रसिंह ऐरीले दुई तथा अविनाश बोहोराले एक विकेट लिए। नेपालले अब आफ्नो दोस्रो खेल आगामी वैशाख १ गते कतारसँग खेल्नेछ।

# साढे ४३ लाखको सामान बरामद

प्रस, वीरगंज, ३० चैत/

जिल्ला प्रहरी कार्यालय, बाराले हिजो राति इलाका प्रहरी कार्यालय, अमलेखगंजले बिलबीजकभन्दा बढीका रु ४३ लाख ३८ हजार बराबरको सामानसहित पिकअप र भ्यान नियन्त्रणमा लिएको जनाएको छ।

बारा प्रहरीका प्रवक्ता दधिराम न्यौपानेले जीतपुरसिमरा उपमहानगरपालिका-२१ बाट हिजो राति सर्लाहीबाट काठमाडौंतर्फ जाँदै गरेको पिकअप चेकजाँच गर्दा पिकअपमा लोड २० क्वीन्टल रहर र चनाको दालमध्ये आठ क्वीन्टल रहर र चनाको दालको बिजबीजक फेला नपरेको बताए। उनले राति सवा १० बजे चेकजाँच गर्दा रु दुई लाख १५ हजार बराबरको दाल बरामद





भएको बताए। यसैगरी, शुक्रवार बिहान २ बजे वीरगंजबाट पोखरातर्फ गइरहेको भ्यानबाट स्रोत नखुलाइएको र बिलबीजकभन्दा बढी रहेको रु ४१ लाख २३ हजार बराबरको खुद्रा सामान बरामद भएको प्रवक्ता न्यौपानेले बताए।